# मधेश प्रदेश
# हँसपुर नगरपालिका

# स्थानीय तहको शिक्षा योजना

## (२०८१-२०९०)




हँसपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बघचौडा
धनुषा, नेपाल

दस्तावेज: स्थानीय तहको शिक्षा योजना, हँसपुर नगरपालिका बघचौडा, धनुषा, मधेश प्रदेश

प्रकाशक: हँसपुर नगरपालिका, धनुषा, मधेश प्रदेश

नगर कार्यापालिकाबाट स्वीकृत मिति: २०८१ साल चैत्र १९ गते

प्रकाशन प्रति:

सर्वाधिकार: प्रकाशकमा

प्रकाशन मिति: २०८१

योजना तयारी टीम:

१ श्री रामदेव कापडी - सामाजिक विकास समितिको संयोजक

२ श्री धिरेन्द्र कुमार साह - शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

३ श्री राम एकवाल ठाकुर - श्री मा.वि. बघचौडा, प्र. अ.

४ श्री प्रमोद कुमार यादव - कम्प्युटर अपरेटर

प्राविधिक सहयोग नगर शिक्षा समिति: हँसपुर नगरपालिका

सामाजिक विकास शाखा: हँसपुर नगरपालिका

महिला तथा बालबालिका शाखा: हँसपुर नगरपालिका

योजना शाखा: हँसपुर नगरपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा: हँसपुर नगरपालिका

रोजगार शाखा: हँसपुर नगरपालिका



CamScanner

# हाम्रो भनाई

स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र नगपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी नगरपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ ।हँसपुर नगरपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको योजना (२०२४—२०३३) तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ।

शिक्षा क्षेत्रको योजना यस नगरपालिकाको समग्र शैक्षिक क्षेत्रको १० बर्षे मार्गदर्शन हो। यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा नगरपालिकाले राखेको छ। यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, गाउँ शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाह प्रति विशेष धन्यवाद दिन चाहन्छु ।

..............................

प्रदीप कुमार यादव

नगर प्रमुख

हँसपुर नगरपालिका, बघचौडा, धनुषा

# प्राक्कथन

शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

हँसपुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्नयनका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ। शिक्षा क्षेत्रको योजना तयारका लागि प्राविधिक सहयोग उपलब्ध गराउने नगरपालिकास्तरीय प्राविधिक कार्यदल, पिपल प्रमोट सेन्टर तथा युनिसेफ नेपाल परिवारलाई धन्यवाद दिन चाहन्छौं ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सुझाव प्रदान गरी सहयोग पुऱ्याउने नगरपालिका परिवार, नगर शिक्षा समिति, शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क संकलन कर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौं।

.................................

धिरेन्द्र कुमार साह

शिक्षा, युवा तथा खेलकुद शाखा

शाखा प्रमुख

CamScanner

# विषयसुची


योजनाको सारांश ........................ ९
विषय प्रवेशः ........................ १०
हँसपुर नगरपालिकामा योजना निर्माणको औचित्य ........................ ११
हँसपुर नगरपालिकामा शिक्षा योजना निर्माणका आधार ........................ ११
शिक्षा योजना निमार्ण प्रक्रिया ........................ १२
योजनाको लेखाजोखा ........................ १३
परिछेद १ : परिचय ........................ १५
१. वर्तमान अवस्था ........................ १५
१.१ हँसपुर नगरपालिकाको सन्दर्भ ........................ १५
१.२ भौगोलिक तथा जनसाङ्खिक स्वरूप ........................ १९
१.३ हँसपुर नगरपालिकाको शैक्षिक सन्दर्भ ........................ २३
परिच्छेद २ दुरदृष्टि ,ध्येय ,रणनीति तथा लक्ष्य ........................ २८
२.१ स्थानीय तहमा योजना निर्माण गर्दा लिईएका आधार आधारहरुः ........................ २८
२.२ हँसपुर नगरपालिकाको शैक्षिक दूरदृष्टि ........................ २८
२.३ ध्येय (Mission) ........................ २८
२.४ उद्देश्यः ........................ २८
२.५ रणनीतिहरू : ........................ २९
२.६. अपेक्षित मुख्य उपलब्धिहरुः ........................ ३१
२.७ लक्ष्य निर्धारणः ........................ ३२
राष्ट्रिय ........................ ३२
परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु ........................ ३६
३.१ प्रारम्भिक बालविकास र शिक्षा ........................ ३७
३.१.१ वर्तमान अवस्था ........................ ३७

३.१.३. उद्देश्यहरुः ........ 40
३.१.४. रणनीतिहरू ........ 40
३.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 41
३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 41
३.२ आधारभूत शिक्षा ........ ४३
३.२.१ वर्तमान अवस्था ........ 44
३.२.२ समस्या र चुनौतीहरू ........ 44
३.२.४ रणनीति ........ 45
३.२.५ प्रमुख उपलब्धि तथा नतिजाहरु ........ 46
३.२.५.२ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य ........ 47
३.३ माध्यमिक शिक्षा ........ ४९
३.३.१ वर्तमान अवस्था ........ 50
३.३.२ माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरु ........ 51
३.३.३. उद्देश्यहरु ........ 51
३.३.४ रणनितिहरु ........ 52
३.३.५ प्रमुख उपलब्धि तथा नतिजा ........ 53
३.३.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य संचालन ........ 53
३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ ५५
३.४.१वर्तमान अवस्था ........ 55
३.४.२ उद्देश्य ........ 56
३.४.३ रणनीति ........ 56
३.४.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 57
३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः ........ 59



CamScanner

परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू .................................................... ६१
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन.................................................... ६२
४.१.२ पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान समस्या तथा चुनौतीहरू:.................... 62
४.१.३ उद्देश्य:.................................................... 63
४.१.४ रणनीतिहरू:.................................................... 63
- सबै विद्यालयका शिक्षकहरुलाई पाठयक्रम तथा शिक्षक निर्देशिका उपलब्ध गराउने,.................... 63
- विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गर्ने,.................... 63
- समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।.................... 63
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक वनाई स्थानीय अपनत्व र जवाफदेहिता सिर्जना गर्ने.................... 63
- वैज्ञानिक र व्यवहारिक शिक्षण सामग्री विकास प्रक्रियालाई अगाडी बढाउने ।.................... 63
- प्रारम्भिक कक्षाहरुमा पाठ्यक्रम अनुरुपको सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा, वहुभाषा र स्थानीय भाषालाई प्राथमिकता दिइने.................... 63
- अपाङ्गता भएका तथा विशेष क्षमता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न, विशेष विद्यालयको व्यवस्था तथा सिकाइको लागि ब्रेल लिपि तथा साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने ।.................... 63

४.१.५ प्रमुख उपलब्धि तथा नतिजा.................................................... 64
४.१.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य:.................................................... 65
४.२ शिक्षक व्यवस्थापन र विकास.................................................... ६६
४.३ शैक्षिक समता र समावेशीकरण .................................................... ७३
४.४ पोषण सहित दिवा खाजा तथा स्वास्थ्य कार्यक्रम.................................................... ७७
४.५ आपतकालिन तथा संकटकालीन शिक्षाको अवस्था.................................................... ८३
४.६ विद्यालय भौतिक पूर्वाधार विकास.................................................... ८७
४.७ विद्यालयमा सुचना तथा संचार प्रविधि .................................................... ९४



CamScanner

परिच्छेद ५ :सुशासन तथा व्यवस्थापन........................................ ९७
५.१.२उद्देश्य........................................ ९८
५.१.३ रणनीति........................................ ९८
५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापर लक्ष्य उपलब्धि........................................ ९८
परिच्छेद ६ . लगानी र स्रोत व्यवस्थापन........................................ १०२
६.१ वर्तमान अवस्था........................................ १०२
६ २.शिक्षामा लगानी र चुनौतीहरू........................................ १०३
६.३ उद्देश्यः........................................ १०४
६.४ उद्देश्यः........................................ १०४
६.५ प्रमुख उपलब्धिहरू........................................ १०५
६.६ प्रमुख क्रियाकलाप र लक्ष्य........................................ १०५
६.७ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया........................................ १०७
६.८ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन.....१३२
परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन........................................ १३३
७.१ वर्तमान अवस्था........................................ १३३
७.२ उद्देश्य........................................ १३४
७.४ प्रमुख उपलब्धि तथा नतिजा........................................ १३५
७.५ प्रमुख क्रियाकलाप र लक्ष्य........................................ १३५
७.६ योजनाको लेखाजोखा........................................ १३६
८. अनुसूचीहरू........................................ १४०
९.सन्दर्भ सामग्रीहरु........................................ १४३



CamScanner

# योजनाको सारांश

नेपालले गुणस्तरीय शिक्षाका लागि विद्यालय शिक्षा क्षेत्र योजना (SESP) अन्तर्गत संघीय, प्रदेश, र स्थानीय तहले विभिन्न क्रियाकलाप संचालन गरेका छन् । यस योजनाले विशेषगरी बालबालिकाको सिकाइ उपलब्धि सुधार गर्ने, शिक्षामा समावेशीकरण प्रवर्द्धन गर्ने, र शिक्षाका लागि दिगो पूर्वाधार विकास गर्ने उद्देश्य राखेको छ ।

शिक्षा नीति तथा कार्ययोजना कार्यान्वयनमा प्रादेशिक शिक्षा सुधार पहल र स्थानीय तहका शिक्षा कार्यालयहरूलाई सक्रिय बनाइएको छ । यस क्रममा शिक्षाका लागि विभिन्न स्रोत परिचालन गरी स्थानीय शिक्षा योजना (LESP) तयार गर्न तथा लागू गर्न जोड दिइएको छ ।

यसका साथै शिक्षा क्षेत्रमा डिजिटल प्रविधि, बालमैत्री पूर्वाधार निर्माण, र दिगो विकास लक्ष्य (SDG) प्राप्त गर्न विशेष ध्यान दिइएको छ । संघीय सरकार र अन्तर्राष्ट्रिय साझेदारहरूको सहयोगमा शिक्षामा गुणस्तर सुधार गर्न थुप्रै कार्यक्रमहरू सञ्चालन गरीएका छन् ।

सारांशमा, नेपालको शिक्षा क्षेत्रमा सुधारका लागि दिगो विकास लक्ष्य अन्तरगत सन् २०३० सम्म शिक्षा नीति तथा कार्यक्रमहरूलाई प्राथमिकता दिइएको छ । गुणस्तरीय, समावेशी, र लचिलो शिक्षाका लागि ठोस कदम चालिएको छ ।

## विषय प्रवेशः

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गरी प्राप्त सफलताहरूलाई उजागर गर्दै, शिक्षा क्षेत्रमा गुणस्तर, पहुँच, समावेशिता, र दिगोपन सुनिश्चित गर्नका लागि शिक्षा अभियानको नयाँ अवधारणा प्रस्तुत गरिएको छ । नेपालका विश्वविद्यालय तहका शिक्षाका सुधारका लागि विश्वविद्यालय शिक्षा क्षेत्र अभियान सञ्चालनमा रहेको छ । त्यसैगरी, प्रदेशस्तरमा पनि शिक्षा क्षेत्रको अभियानलाई थप सशक्त बनाउन काम भइरहेको छ ।

स्थानीय तहमा पनि बालमैत्री तथा गुणस्तरीय शिक्षाका लागि स्थानीय संरचनाहरू सक्रिय रूपमा कार्य गरीराखेका छन् । समग्रमा, शिक्षा प्रणालीमा रहेका चुनौतीहरूलाई समाधान गर्दै दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने उद्देश्यले यस अभियानलाई व्यवस्थित रूपले अगाडि बढाइएको छ ।

नेपालको शिक्षा प्रणाली, विद्यालय शिक्षा क्षेत्र, सामुदायिक र निजी शिक्षाका कार्यक्रमहरू, शिक्षक व्यवस्थापन, पाठ्यक्रम सुधार, तथा शैक्षिक पुनर्संरचनाको आवश्यकताले प्रेरित भएर स्थानीय स्थानीयतहमा शिक्षा अभियान सञ्चालनमा आएको हो । शिक्षा क्षेत्रमा गुणस्तर सुधार, पहुँच विस्तार, र समावेशिता सुनिश्चित गर्न, स्थानीय स्थानीय तहका शिक्षा योजनाहरूलाई प्रभावकारी बनाउँदै लैजाने उद्देश्यले स्थानीय सरकार, सरोकारवाला निकाय, र शिक्षासँग सम्बन्धित साझेदार संस्थाहरूको सहकार्यमा अभियान अघि बढाइएको छ । शिक्षा अभियानले शिक्षामा रहेका चुनौतीहरू समाधान गर्दै गुणस्तरमा सुधार, सहभागिता र दिगोपनका सिद्धान्तहरूको प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

नेपालको शिक्षा क्षेत्र योजना (Education Sector Plan) कार्यान्वयनको महत्वपुर्ण कडीको रूपमा स्थानीय तहका योजना र कार्यक्रमहरूलाई सहजीकरण गर्दै, शैक्षिक संरचनाको पुनर्संरचना, शिक्षकहरूको क्षमता विकास, पाठ्यक्रम अनुकूलन, र विद्यार्थी केन्द्रित बनाइएको छ ।

यस अभियानले शिक्षामा नवप्रवर्तन, दीगो विकासका लक्ष्यहरूसँग मिल्ने शैक्षिक उपलब्धिहरू, संस्थागत गर्न योगदान पुऱ्याएको छ । त्यसैले, स्थानीय तहमा यस अभियानको निरन्तरताका लागि सहकार्य, अनुगमन, र मूल्याङ्कनलाई व्यवस्थित रूपमा अघि बढाउनु पर्ने देखिन्छ ।

## हँसपुर नगरपालिकामा योजना निर्माणको औचित्य

१. स्थानीय तहमा लागु गरीने शिक्षाको व्यवस्थापन Vertical/Horizontal प्रणालीमा आधारित स्पष्ट गर्न ।

२. स्थानीय र प्रादेशिक तहमा हुने कार्यहरूलाई शिक्षामा प्रभावकारी रुपमा समावेश गर्न अनुगमन, समीक्षा र प्रयोगात्मक कार्यान्वयन सुनिश्चित गर्न ।

३. कार्यान्वयन र अनुगमन प्रक्रियामा देखिएका समस्या, चुनौतीहरू, र उपलब्धिहरूलाई विश्लेषण गर्दै सुधारको लागि सिफारिस गर्न ।

४. समावेशी शिक्षामा सुधार नीति, योजना कार्यान्वयनलाई प्रभावकारी बनाउँदै सबैका लागि समान अवसर सुनिश्चित गर्न ।

५. शिक्षाको गुणस्तर सुधार गर्न राष्ट्रिय र स्थानीय स्तरमा परिणाममुखी कार्यहरू अघि बढाउन ।

६. नगरपालिकाका विद्यालय उमेर समुहका सबै बालबालिकाहरुको लागि अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा एवं निशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्न ।

## हँसपुर नगरपालिकामा शिक्षा योजना निर्माणका आधार

यस नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइ निमार्ण गरिएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री तथा विज्ञहरुको सल्लाह सुझाव लिई शिक्षा योजना निर्माण गरिएको हो ।

- नेपालको संविधान, २०७२
- सोहौं आवधिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र नियमावली २०७७ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
- विद्यालय शिक्षा क्षेत्र योजना  र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
- शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
- विद्यालय शिक्षामा समता रणनीति
- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाचा
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास. योजना



CamScanner

- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
- मधेश प्रदेश शिक्षा नीति, २०८१
- विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

## शिक्षा योजना निमार्ण प्रक्रिया

यस नगरपालिकाको शिक्षा योजना निमार्ण कार्य गर्दा पहिलो नगर शिक्षा समितिको बैठक गरी शिक्षा योजनाको बारेमा विस्तृत जानकारी गराइ यसले समग्र नगरपालिकाको शिक्षा क्षेत्रमा पारेको सकरात्मक प्रभाव तथा निकट भविष्यमा पालिकाको अवस्था कस्तो रहने छ भनी डाटाले देखाउन कार्यलाइ आधार बनाइ निमार्ण प्रक्रिया अगाडि बढाइएको थियो । जस अनुसार मिति १३ अगष्ट २०२४ गते बसेको बैठक बाट शिक्षा शाखा सयोंजक गंगा राम यादव ज्युको सँयोजकत्वमा १० दश सदस्यीय शिक्षा योजना निमार्ण कार्यदल गठन भई कार्य अगाडि बढेको छ । जस अनुसार तपसिलका कार्यहरु गरिएको छ ।

१. नगरकार्यपालिकास्तरीय बैठक
२. योजना निर्माण कार्यदल गठन तथा परिचालन
३. स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण गर्न ESP Toolkit अद्यावधिक र विश्लेषण
४. योजना निर्माण कार्यदलका पदाधिकारीहरुको लागि ३ दिने आवाशीय क्षमता अभिवृद्धि तथा योजना मस्यौदा तयारी कार्यशाला संचालन
५. नगर-टोल तथा वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता, सङ्घसस्था लगायत विभिन्न सरकारी, गैरसरकारी सङ्घससंथा आदिके भेलामा छलफल गरी सुझाव संकलन ।
६. योजनाको मस्यौदा तयार ।
७. नगर शिक्षा समितिद्वारा मस्यौदा नगर शिक्षा योजनामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण ।
८. नगर शिक्षा समितिद्वारा योजनाको अन्तिम मस्यौदा तयार ।
९. नगर शिक्षा समितिद्वारा नगर शिक्षा योजनालाई अन्तिम रुप दिई स्वीकृतिका लागि कार्यपालिका बैठकमा पेश
१०. कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्यन ।



CamScanner

## योजनाको लेखाजोखा

शिक्षा योजना निमार्ण पश्चात यसको विश्वसनीयता, वस्तुनिष्ठ दिगोपन र आर्थीक लगानी योग्य छ कि छैन भनेर यस नगरपालिका भित्र तथा बाहिरका विभिन्न शाखा तथा उप शाखाहरु सँगको समन्वय गरी यसको राम्रा तथा सुधार गर्नु पर्ने पक्षहरुको सहि विश्लेष्ण गरी लेखाजोखा गरिएको जसमा हँसपुर नगरपालिकाको तपसिलका पक्षहरुलाई सहभागिता हुने गरी योजनाको् लेखाजोखा गरेको छ ।

| क्र.सं. | लेखाजोखाको पक्ष . | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा हभागिता (Leadership and participation) | योजना निर्माणमा हँसपुर नगरपालिकाले नेतृत्व लिइएको थियो र शिक्षाका सरोकारवालाहरुको योजनाको हरेक चरणमा सहभागिता गराएको । नगर शिक्षा समितिकै नेतृत्वमा नगर शिक्षा योजना तयार परिएको छ। |
| २ | प्रयासा तथा सान्दर्भिकता (adequacy and relevance ) | योजनामा समावेश गरिएको रणनिति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतिलाई सम्बोधन गर्ने खालका छन । योजना बनाउन भन्दा अगाडी ESP Toolkit मा सम्पुर्ण सुचनाहरु भरेको सोही औजार (tools) ले प्रक्षेपण गरेको आधारमा प्रथामिताको क्षेत्रहरु निर्धारिण गरिएको छ । |
| ३ | समता, सक्षमता तथा गुणस्तर ( Equity, efficiency and quality) | Toolkits आधारित प्रक्षेपण गरेको आधारमा प्रथामिताको क्षेत्रहरु निर्धारण गरिएको छ, जसले सबै तह, वर्ग, अवस्था महिला पुरुषको मुद्धहरुलाई सम्बोधन गर्न कार्यक्रम समावेश गरिएको छ। |
| ४ | अन्तर सम्बन्ध (coherence) | शिक्षा योजनाले पालिका भित्र निर्माण भएका योजना जस्तै कृषि, स्वास्थ्य, पुर्वाधार, पोषण आदिसंग तादम्त्य मिलाएको छ साथै यसले विद्यालय सुधार योजना, शिक्षक सुधार योजनासंग पनि अन्तर सम्बन्ध मिलाइएको छ । योजनाले राष्टिय शिक्षा निति तथा विधालय शिक्षा क्षेत्र योजनासंग पनि अन्तर सम्बन्ध विकास गर्नुको साथै योजनामा समावेश भएका विभिन्न |

| | | |
|---|---|---|
| | | उपक्षेत्र तथा विषयबीच अन्तर सम्बन्ध कायम गरेको छ। |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भीकता | योजनमा समाबेश भएका विभिन्न उपक्षेत्र तथा विषय बीच अन्तर सम्बन्ध कायम गरेको छ। साथै लाक्षित बर्गलाई प्रत्यक्ष लाभ पुग्ने किसिमले कार्यक्रम र रणनितिहरुको निर्माण गरिएको छ । |
| ६ | स्रोतको प्रवन्ध | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरु निश्चित समयावधि स्रोतको आधारमा निर्धारण गरिएको छ र |
| ७ | संस्थागत क्षमता | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरुलाई निश्चित समयावधि प्रभावकारी कार्यान्वयनको लागि मानवीय स्रोतको क्षमता अभिबृद्धिका जस्तै तालिम, अन्तरकृया आदि जस्ता कार्यक्रमहरु समावेश गरिएको छ । |
| ८ | कार्यान्वय तत्परता | योजनामा तय गरिएको राणनिति तथा कार्यक्रमहरु निश्चित समयावधि तथा स्रोतको आधारमा निर्धारण योजनाको लागि आवश्यक चरणहरु पुरा गरेको छ र सबैको साझा प्रतिवद्धता प्राप्त भएको छ । |
| ९ | तथ्यांक विशलेषण तथा प्रक्षेपण | मानव स्रोत तथा शिक्षा विकास केन्द्र (CHERD) ले तयार गरेको Toolkit लाई आधार बनाई तथ्यांक संकलन गरेको तथा त्यहि Toolkit ले गरेको तथ्यांक विश्लेषणको आधारमा कार्यक्रम तथा रणनितिहरु तय गरिएको छ । |
| १० | अनुगमन र प्रतिवेदन | योजना कार्यान्वयन गर्ने मुल्यांन गर्ने तथा त्यसको अद्यावधिक गर्ने कार्य कार्यदललाई दिएको छ साथै पालिका प्रमुख, उपप्रमुख तथा प्रमख प्रशासकिय अधिकृत र अन्य शाखाका प्रमुखहरु तथा सहयोग संस्था समिलित संयुक्त अनुगमन ( Joint Monitoring) समिती गर्ने व्यवस्था योजनामा गरिएको छ । |



CamScanner

## परिच्छेद १ : परिचय

वि सं २०७२ मा जारी भएको नेपालको संविधानअनुसारसंघीय गणतन्त्रात्मक राज्यव्यवस्था प्रारम्भ भई संघ,प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यस संविधानले समग्रमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ भने यस ध्येय अनुकूलका शिक्षासम्बन्धी सबै नागरिकको आधारभूत र विशिष्ट प्रकारका मौलिक हकहरू र प्राथमिकताहरू स्थापित गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) ज मा आधारभूत तथा माध्यमिक शिक्षाको संचालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । सोही आधारमा बृहत दायित्व बोध गरी शिक्षाको विकास गर्नु अनिवार्य छ ।

कुनै पनि क्षेत्रको विकास "योजना बिना" अंधुरो हुने हुँदा सुरुमा नै योजना निर्माण गर्नु पर्दछ । त्यसैले विभिन्न कालखण्डमा शिक्षा क्षेत्रको विकास गर्न योजना निर्माण गरेको इतिहास छ । राणाकालमा पनि शिक्षाको विकास गर्न नखोजेका होइन, तर ठोस योजना विना शिक्षाको विकास गर्न खोजदा उपलब्धी मुलक नभएको जस्तो देखिन्छ। नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन अनुसार २०११ मा पनि शिक्षा ब्यवस्था गरेको देखिन्छ । त्यसै गरी राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३३) र विभिन्न समयमा विभिन्न योजना परियोजना र कार्यक्रम लागु भएका थियो । दिगो विकासका लागि शिक्षा कार्यक्रममा उल्लेखित उद्देश्य एवम् सूचकहरुलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजनाको मूल र मान्यताको आधारमा हँसपुर नगरपालिकाले प्रभावकारी र उलिब्धीमूलक शिक्षा ब्यवस्थापन र सञ्चालन गर्न नगर शिक्षा योजना निमार्ण गरीएको हो

### १. वर्तमान अवस्था

### १.१ हँसपुर नगरपालिकाको सन्दर्भ

नेपालमा लामो द्वन्दपछि संविधानसभाबाट संघीय गणतन्त्रात्मक संविधान निर्माण भई संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित सरकार गठन भएर मुख्य कानुनी तथा व्यवस्थापकीय संरचना सहित कार्यरत रहेका छन् ।यो हँसपुर नगरपालिका धनुषा जिल्लाको मध्य क्षेत्रमा अवस्थित छ । यो नगरपालिका नेपाल सरकारको वि.सं. २०७३ फाल्गुन २७ गतेको निर्णय अनुसार साबिक ८ वटा गाउँ बिकास समितिलाई समेटेर स्थापना गरिएको छ । यस नगरपालिकाको केन्द्र साबिक बघचौडा गा.वि.स.को केन्द्र बघचौडामा कायम गरिएको छ । यस नगरपालिका अन्तर्गत समेटिएका साविकका ८ वटा गा.वि.स.हरु मानसिंपट्टी, बघचौडा, हंसपुर कठपुल्ली, सुगामधुकुरही, सुगा निकास,

सोनिगामा, नौवाखोर पर्साही र झटियाही हुन् । यो नगरपालिकाको भूभागको उचाइ समुद्री सतहदेखि ६१ मिटरमा रहेको छ । यसको क्षेत्रफल ४८.७१ वर्ग कि.मि. रहेको छ भने २०७८ सालको जनगणना अनुसार यस पालिकाको जनसंख्या ४४,९४९ रहेको छ ।

### १.१.२ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

यस हँसपुर पालिकामा बहु जाती बसोबास भएको नगरपालिका हो । त्यसैले विविध किसिमका संस्कृति परम्परा पाउनु स्वाभाविकै हो । यस नगरपालिकामा सबैभन्दा बढी केवट जातिको बसोबास पाइन्छ । त्यसै गरी अन्य जातिहरूमा मुस्लिम, यादव, धानुक, तेली, तत्मा, खत्वे, मुसहर, चमार, हरिजन, राम, विन लोहार, हजाम इत्यादि जातिहरूको बसोबास पाइन्छ । यहाँका अधिकांश मानिसहरू कृषि पेशामा संलग्न रहेको पाइन्छ । कृषिका अतिरिक्त केही मानिसहरू सरकारी तथा गैरसरकारी सेवामा संलग्न रहेका छन् भने केही व्यापार व्यवसायमा संलग्न भएका छन् । त्यसै गरी ज्याला मजदुरी गरेर गुजारा गर्ने परिवार पनि छ । यो नगरपालिकाका धेरै यूवा शक्ति भने वैदेशिक रोजगारीमा जाने गरेको पाइन्छ ।

जातीयतामा विविधतासँगै धर्ममा पनि विविधता रहेको पाइन्छ । यस क्षेत्रका धेरै मानिसहरूले हिन्दु धर्म मान्ने गरेको तथ्याङ्क छ । त्यस पछि बौद्ध धर्मावलम्बीको सङ्ख्या आउँछ ।सबै जातिको आ-आफ्नो संस्कृति भए पनि यस क्षेत्रमा झिझिया र समचाकेवा नाचको विशेष महत्त्व रहेको पाइन्छ । धर्म विविध भए पनि छठ, होली,दसैं, तिहार, जितिया जस्ता पर्वहरू भने यस क्षेत्रका बासिन्दाहरूले मान्ने रमाउने गर्दछन् ।

### १.१.३ सामाजिक सन्दर्भ

#### क) कृषि योग्य भूमि र उत्पादन

**सिंचाइः**

सिचाई, प्रमुख वाली, बाली चक्र, बाली लगाउने समय सम्बन्धी विवरण

कृषि

| उपलव्ध सुविधा | हेक्टर |
|---|---|

| | |
|---|---|
| कूल खेतीयोग्य जमिन | ४,९५० |
| सतह सिंचाई | ६०० |
| भूमिगत सिंचाई | ३००० |
| कूल सिंचाइ क्षेत्र | ३६०० |
| सिंचाइ नभएको क्षेत्र वर्षामा निर्भर हुने क्षेत्र | १३५० |

***स्रोतः कृषि शाखा हँसपुर नगरपालिका धनुषा***

तालिकाःसिंचाईका प्रमुख स्रोत तथा योजनाहरु

| प्रमुख स्रोत/योजना | स्थान | सिंचितक्षेत्र (हेक्टरमा) |
|---|---|---|
| ईनार | प्राय सबै वडामा | ० |
| स्यालो ट्युबेल | प्राय सबै वडामा | २५०० |
| डिप ट्युबेल | प्राय सबै वडामा | ५०० |

***स्रोतः कृषि शाखा हँसपुर नगरपालिका धनुषा***

**ख) प्रमुख खेती र उपयोग :** यस नगरपालिकाको प्रमुख खेती मध्ये सबभन्दा धेरै धान, दोस्रोमा गहुँ, लगायत दलहन खेती, तरकारी खेती, मकै, फलफूल, आदि स्थानीय तथा रैथाने बाली गर्ने गरिन्छ र यसको उपयोग जीविकोपार्जन तथा आर्थिक संवृद्धिको लागि गरिन्छ ।

**ग) पशुपालनः** मुख्य गरी गाई, भैंसी, बाखा, गोरु, हाँस,कुखुरा पालन,माछा पालन जस्ता घरेलु तथा व्यावसायिक पशुपालन गर्ने गरेको छ ।

**घ) प्राकृतिक स्रोत तथा सम्पदा :** यो नगरपालिका तराई प्रदेशमा अवस्थित छ । यहाँको जमिन समथर हुनुका साथै हावापानी पनि विषम प्रकृतिको छ । मूलतः उष्ण प्रकृतिको हावापानी पाइन्छ । यहाँ गर्मी मौसममा अत्यधिक गर्मी तथा चिसो मौसममा अत्यधिक चिसो प्रकृतिको हावापानी महसुस गर्न सकिन्छ ।

**ङ) पर्यटनः** पर्यटनको प्रचुर सम्भावना बोकेको यस हँसपुर नगरपालिकामा धार्मिक पुरातात्विक सम्पदाको मुख्य केन्द्र फुलमन्तिमाई थान, हनुमान मन्दिर, जमुनिमाई स्थान, महादेव मन्दिर,



CamScanner

सोनासतिमाई, तपसिबाबा स्थान, रनुभनु र दुर्गा मन्दिर आदि विभिन्न संस्कृति तथा ऐतिहासिक महत्त्व बोकेको अन्य स्थलहरू पनि रहेका छन् ।

### १.१.४ राजनीतिक तथा प्रशासनिक बिभाजन र समानुपातिक विकास

| वडा | जम्मा जनसंख्या | जम्मा घरधुरी | उपलब्ध प्रमुख सेवाहरू | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा | पोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | खानेपानी |
| १ | १,७२८ | ३१३ | सामाजिक सुरक्षा | पोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | शुद्ध खानेपानी |
| २ | ४,५५५ | ८११ | सामाजिक सुरक्षा | पोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | शुद्ध खानेपानी |
| ३ | ५,२३१ | ८७८ | सामाजिक सुरक्षा | पोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | शुद्ध खानेपानी |
| ४ | ४,४८८ | ७६७ | सामाजिक सुरक्षा | पोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | शुद्ध खानेपानी |
| ५ | ५,५१२ | ९९० | सामाजिक सुरक्षा | पोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | शुद्ध खानेपानी |
| ६ | ३,३८५ | ६२७ | सामाजिक सुरक्षा | पोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | शुद्ध खानेपानी |



CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | ४,६९० | ८४२ | सामाजिक सुरक्षा | पोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | शुद्ध खानेपानी |
| ८ | ५,११० | १,०६८ | सामाजिक सुरक्षा | पोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | शुद्ध खानेपानी |
| ९ | ३,५१७ | ६१६ | सामाजिक सुरक्षा | पोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | शुद्ध खानेपानी |

*श्रोत : राष्ट्रिय जनगणना २०७८*

## १.२ भौगोलिक तथा जनसाङ्खिक स्वरूप

### १.२.१ भौगोलिक पृष्ठभूमि

मधेश प्रदेश धनुषा जिल्लाको मध्यम भूभागमा अवस्थित ४८.७१ वर्ग कि.मि. क्षेत्रफल रहेको हँसपुर नगरपालिकाको उत्तरमा मिथिला बिहारी नगरपालिका र सबैला नगरपालिका पूर्वमा सबैला र शहीद नगरपालिका दक्षिणमा औरही गा.पा. पर्छ भने पश्चिम सिमाना मिथिलाबिहारी र जनकपुरधाम उ.म.न.पा. रहेको छ | यस नगरपालिका सामुन्द्रिक सतहबाट करिब ६१ मिटर उचाइमा समथर भूभागमा फैलिएको छ |

### १.२.१.२ भौगोलिक अवस्था

सामुन्द्रिक सतहबाट ६१ मिटर उचाइमा अवस्थित यस नगरपालिकामा समथर भूभाग हुनुको साथै बलौटे, मिश्रित फुस्रो तथा केही ठाउँमा पाँगो माटोले भरिपूर्ण भौगोलिक अवस्थिति रहेको छ ।

### १.२.१.३ नदीनाला

यस क्षेत्रमा मुख्य रूपमा जलाद खोला, अहरी खोला, अमारी खोला, वलुवा खोला रहेका छन् |

### १.२.१.४ हावापानी

यो क्षेत्र तराइको मध्य क्षेत्रमा पर्ने भएकोले यहाँ उष्ण प्रकारको हावापानी पाउनुको साथै हिउँदको समयमा विषम प्रकारको हावापानी पाइन्छ ।

### १.२.१.५ प्राकृतिक विपत् र तिनको सम्भावना

यस क्षेत्रमा खहरे खोलाहरू मात्र पर्ने भएकाले वर्षाको समयमा पानीको बहाव बढ्दा माटो कटानको अत्यधिक सम्भावना हुनुका साथै यहाँ उष्ण हावापानी पाइने भएकोले गर्मी याममा डढेलो लाग्ने सम्भावना देखिन्छ ।

### १.२.१,६ प्राकृतिक स्रोत एवं विशेषता

नदीनाला, पोखरी साथै निजी वन नै यस क्षेत्रको मुख्य प्राकृतिक स्रोत हुन् जसले उक्त क्षेत्रको कृषि उत्पादन वृद्धिमा सहयोग गर्नुको फलफूल उत्पादनमा साथै माछा पालन व्यवसायमा समेत टेवा पुराएको पाइन्छ ।

### १.२.१.७ पूर्वाधार र विकास

**क) स्वास्थ्य सेवा:** यस क्षेत्रका बासिन्दाहरूले उचित प्रकारको प्राथमिक स्वास्थ्य सेवा , आयुर्वेदिक स्वास्थ्य सेवा, प्रसूति सेवा लगायत समयमा उचित स्वास्थ्य सेवा पाउनुको निमित्त निःशुल्क एम्बुलेन्स सेवा समेत प्राप्त गरेका छन् ।

**ख) खानेपानी:** यस नगरपालिकाको अधिकांश ठाउँमा भूमिगत जल सतहबाट ट्युबवेल माध्यमले शुद्ध खानेपानी प्राप्त गरेका छन् भन्ने केही स्थानमा शुद्ध खानेपानी टयाङ्की निर्माण गरी खानेपानी वितरण गरिएको छ ।

**ग) विधुत** :यस नगरपालिकाको सम्पूर्ण घरधुरीमा विधुतीय पहुँच पुग्नुको साथै यस क्षेत्रका बासिन्दाहरूले विधुतलाइ केवल घरायसी प्रयोजनमा मात्र प्रयोग नगरी कृषि सिचाई, बिधुतीय गाडी आदिको क्षेत्रमा समेत प्रयोग गरिन्छ ।

**घ) यातायात/हवाई मार्ग :** हँसपुर नगरपालिका धनुषा जिल्लाको मध्यमा अवस्थित छ । यस नगरपालिकाको सबै वडामा सडक सञ्जालको पहुँच पुगेको छ । पूर्व पश्चिम राजमार्ग अन्तर्गत महेन्द्र राजमार्गबाट उत्तरमा करिव १० कि.मि.को दुरीमा अवस्थित छ भने हुलाकी राजमार्ग यस नगरपालिकाको वडा नं. ६ र ९ हुँदै गएको छ । सबै वडाहरू पक्की मोटर बाटोको पहुँचमा छन्



CamScanner

। यहाँबाट काठमाडौं , वीरगन्ज , जनकपुर इत्यादि ठाउँहरूमा नियमित रूपमा यात्रुवाहक बसहरू सञ्चालन हुने गर्दछ ।

ङ) **सूचना/सञ्चार/हुलाक/पत्रपत्रिका, इन्टरनेट सेवाः** यस नगरपालिकामा नेपाल दूरसञ्चार संस्था, ऐनसेल नेटवर्क, सु.बि.सु, वर्ल्ड लिङ्क तथा बिभिन्न सेवा प्रदायक संस्थाको इन्टरनेट सेवाको पहुँच पुगेको छ ।

ङ) **बैंकिंग सेवाः** एक नगरपालिका एक बैङ्क नीतिको आगमनले नेपाल राष्ट्र बैङ्क को इजाजत प्राप्त एन एम बी बैङ्क लगायत अन्य सहकारी संस्थाहरूले बैंकिग सेवा प्रदान गर्दै आएको छ।

### १.२.२ जनसाङ्ख्यिक स्वरूप

तालिकाः प्रमुख जातजातीहरू



*स्रोत: राष्ट्रिय जनगणना २०७८*

*तालिका: भाषागत जनसंख्या*




*स्रोत: राष्ट्रिय जनगणना २०७८*

तालिका: धर्मावली अनुसार जनसंख्या



*स्रोत: राष्ट्रिय जनगणना २०७८*

तालिका: २०७८को कुल जनसङ्ख्या

| उमेर समूह | जनसङ्ख्या |
|---|---|
| | २०७८ |
| ०-४वर्ष | ५४५९ |
| ५-९वर्ष | ५४९८ |
| १०-१४वर्ष | ५१८२ |
| १५-१९वर्ष | ४२७३ |
| २०-२४वर्ष | ३८४५ |
| २५-२९वर्ष | ३५६९ |
| ३०-३४वर्ष | २७७२ |
| ३५-३९वर्ष | २६५७ |
| ४०-४४वर्ष | २०६५ |
| ४५-४९वर्ष | १७१४ |
| ५०-५४वर्ष | १७८५ |
| ५५-५९वर्ष | १५६० |
| ६०-६४वर्ष | १४७९ |
| ६५-६९वर्ष | १३६२ |
| ७०-७४वर्ष | १०३१ |
| ७५-७९वर्ष | ४५२ |
| ८०-८४वर्ष | १४० |
| ८५-९०वर्ष | ४६ |
| ९०-९४ वर्ष | ३१ |
| ९५+ वर्ष | २९ |
| जम्मा | ४४९४९ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

## १.३ हँसपुर नगरपालिकाको शैक्षिक सन्दर्भ

### १.३.१ विद्यालय सङ्ख्या

| बिद्यालयको प्रकार | सञ्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | | तह गत सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | EC-ED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १-५ | ६-८ | १-८ | ९-१० | ११-१२ | ९-१२ |
| सबै प्रकारका बिद्यालयमा कक्षा गत र तह गत सङ्ख्या | ६१ | १६ | १ | २ | ४ | १९ | २ | १ | ४ | ० | २ | ० | ४ | ४२ | ७ | ४९ | २ | ४ | ६ |
| सामुदायिक बिद्यालयमा कक्षा गत र तह गत सङ्ख्या | ५० | १ | १ | १ | २ | १५ | ० | १ | ३ | ० | २ | ० | ४ | २० | ४ | २४ | २ | ४ | ६ |
| समुदायिक शुन्य दरबन्दी भएका बिद्यालय | ० | 0 | ० | ० | ० | ० | ० | १ | २ | ० | ० | ० | २ | 0 | ३ | ४ | ० | २ | २ |
| अनौपचारिक बैकल्पिक र प्रौढ विद्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

### १.३.२ उच्चशिक्षा र विकास (प्राबिधिक र व्यवसायिक शिक्षा समेत)

यस नगरपालिकामा हाल माध्यमिक तहसम्म प्राविधिक र व्यावसायिक शिक्षा समेत सञ्चालनमा रहेका छन् र उच्च शिक्षा तथा निकट भविष्यमा सञ्चालन गर्ने लक्ष्य रहेको छ ।.

### १.३.३ विभिन्न तालिम, पुस्तकालय, अनौपचारिक शिक्षा र अन्य सँस्थारतिनको उपलब्धि प्रभाव

यस हँसपुर नगरपालिका संस्था तथा विकास साझेदार निकायहरूले विभिन्न समयमा शिक्षक तथा सम्वन्धित सरोकार बालाहरूका लागी शिक्षक पेशागत विकास तालिम, क्षमता विकास तालिम, पूर्नः ताजगी कार्यशाला जस्ता तालिम तथा कार्यक्रमहरू सञ्चालनले गर्दा शिक्षक तथा वि.व्य.स.को क्षमता अभिवृद्धि हुनको साथै बालबालिकाहरूको सिकाई उपलब्धिमा सकारात्मक परिवर्तन देखिएका छन् ।

### १.३.४ बिद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ती

**क) नगरपालिकाको सेवा क्षेत्र र भर्ना प्रवृत्ती**

यस हँसपुर नगरपालिकाको सबै वडामा विधालय संचालनमा रहेका र उक्त विधालयहरुमा ती सबै वडाहरुबाट विधार्थीहरु औपचारिक शिक्षा आर्जन गर्दछन् । यस गाँउपालिकाको प्रारम्भिक बालबिकास र शिक्षामा कुल भर्ना दर ८६.२%,कक्षा १ मा खुद प्रवेश दर ४१.२२% र कुल प्रवेश दर १००.४१% रहेको र आधरभुत तह कक्षा १-५ को खुद भर्ना दर ११३.८६% र कुल

भर्ना दर १३८.८५% रहेका छन्। यसै गरी आधारभुत तह कक्षा १-८ मा खुद भर्ना दर ९९.८५% र कुल भर्ना दर ११८.३५% तथा माध्यमिक तह कक्षा (९-१२) को खुद भर्ना दर ३१.७५% र कुल भर्ना दर ५७.२२% रहेको छ।

ख) कक्षागत र कक्षा तह गत जम्मा विधार्थी

| तहगत/कक्षागत | विधार्थी संख्या | | | दलित | | | जनजाति | | | अपाङ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ECED | ९५५ | १३७४ | २३२९ | १८२ | २५० | ४३२ | १०६ | १५४ | २६० | १ | ४ | ५ |
| १ | ९९९ | १२१४ | २२१३ | १८९ | २७३ | ४६२ | १५८ | १५७ | ३१५ | ० | ५ | ५ |
| २ | ७२६ | ८३४ | १५६० | २३३ | २३२ | ४६५ | ७३ | ९० | १६३ | ० | १ | १ |
| ३ | ६४५ | ७०४ | १३४९ | १८२ | १८७ | ३६९ | ६० | ९४ | १५४ | १ | ० | १ |
| ४ | ६६७ | ७३७ | १४०४ | १८३ | २०७ | ३९० | ९१ | ८२ | १७३ | ० | २ | २ |
| ५ | ७५४ | ७१७ | १४७१ | १९० | १७४ | ३६४ | ९२ | ८४ | १७६ | ० | १ | १ |
| १-५ | ३७९१ | ४२०६ | ७९९७ | ९७७ | १०७३ | २०५० | ४७४ | ५०७ | ९८१ | १ | ९ | १० |
| ६ | ५४५ | ४६६ | १०२० | १२७ | १२३ | २५० | ४८ | ३७ | ८५ | १ | ० | १ |
| ७ | ५६१ | ५१६ | १०७७ | १४० | १०८ | २४८ | ५२ | ४६ | ९८ | ० | ० | ० |
| ८ | ५१० | ४९८ | १००८ | १२३ | ११८ | २४१ | ३५ | ३८ | ७३ | ० | १ | १ |
| ६-८ | १६२५५ | १४८० | ३१०५ | ३९० | ३४९ | ७३९ | १३५ | १२१ | २५६ | १ | १ | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | ३७३ | ४२७ | ८०० | ८० | ८७ | १६७ | २८ | २५ | ५३ | ० | ० | ० |
| १० | ४०४ | ५२७ | ९३१ | ४८ | ७० | ११८ | २५ | २१ | ४६ | ० | ० | ० |
| ९-१० | ७७७ | ९५४ | १७३१ | १२८ | १५७ | २८५ | ५३ | ४६ | ९९ | ० | ० | ० |
| ११ | १०० | १४३ | २४३ | ७ | २१ | २८ | १ | ४ | ५ | ० | ० | ० |
| १२ | ८१ | ५२ | १३३ | ८ | ६ | १४ | ० | ० | ० | ० | ० | ० |
| ११-१२ | १८१ | १९५ | ३७६ | १५ | २७ | ४२ | १ | ४ | ५ | ० | ० | ० |

### ग. शिक्षक सङ्ख्या र प्रवर्तित

विद्यार्थी शिक्षक अनुपात अन्य सूचकहरूको अवस्था र प्रवर्तित विश्लेषण

नेपालको वर्तमान शिक्षा ऐन २०२८ (संशोधन सहित) मा उल्लेख भए अनुसार शिक्षक विद्यार्थी अनुपात तराई १:५० रहे तापनि यस नगरपालिकामा शिक्षक विद्यार्थी अनुपात आधारभूत तहमा १:८६, कक्षा ६-८ मा १:२२८ तथा माध्यमिक तह (कक्षा ९-१०) मा.वि. शिक्षक विद्यार्थी अनुपात १:४७९ र कक्षा ११ र १२ मा १:११७ रहेको छ। जुन राष्ट्रिय स्तरमा तोकिएको भन्दा उच्च रहेको देखिन्छ। यसले समग्र शैक्षिक प्रक्रियालाई प्रभाव पारेको छ। विद्यार्थीको कक्षा व्यवस्थापन, बसाई व्यवस्थापन गृहकार्य तथा कक्षा कार्यका साथै सिकाई उपलब्धिमा समेत प्रभाव पारेको छ।

### घ. उल्लेख्य उपलब्धि तथा अन्तर

नेपालमा विगत केही दशकमा भएको शिक्षाको विस्तार उल्लेख्य रहेको छ । विद्यालय तथा विद्यार्थी सङ्ख्यामा भएको वृद्धि, कुल र खुद भर्ना दरमा भएको वृद्धिर साक्षरता दरमा भएको उल्लेख्य सुधारले शिक्षामा भएको विस्तारलाई पुष्टि गर्दछन् । सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल र खुद भर्ना दर क्रमशः ८६.२ र ९६.९ प्रतिशत पुगेको छ भने हँसपुर नगरपालिकाका प्रारम्भिक बालविकास तथा शिक्षामा कुल र खुद भर्ना दर क्रमशः ८६.८१ र १००.४१ रहेको छ । आधारभूत शिक्षा (कक्षा १-५) मा यो प्रतिशत क्रमशः ११९.२ र ९७.१ रहेको छ भन्ने यस नगरपालिकाका खुद र कुल भर्ना दर क्रमशः १३८.८५ र ११३.६६ रहेको छ । त्यसै गरी आधारभूत शिक्षा (कक्षा १-८)कुल र खुद भर्ना दर क्रमशः ११०.४२

९३.८ प्रतिशत रहेको छ भन्ने यस पालिकाका खुद र कुल भर्ना दर क्रमशः ११८.३५ र ९९.८५ रहेको छ । अर्को तिर कक्षा १-५ मा औसत कक्षा दोहरयाउने दर ८ प्रतिशतको हाराहारीमा र कक्षा छाड्ने दर ४ प्रतिशतको हाराहारीमा रहेको छ। कक्षा ८ सम्मको टिकाउ दर ७९.३ प्रतिशत मात्र रहेकोमा यस पालिकाका कक्षा ८ सम्मका टिकाउ दर ३५.९० रहेका देखिन्छ ।यसरी भर्ना भएका मध्ये करिब २१ प्रतिशत यस पालिकामा ६४.१० प्रतिशत बालबालिकाहरू कक्षा ८ सम्म पनि नपुगेका छ। माध्यमिक तह (कक्षा ९-१२)मा भने कुल र खुद भर्ना दर क्रमशः ७१.४ र ४७.६ प्रतिशत मात्र रही माध्यमिक शिक्षा उमेरको ठूलो जनसङ्ख्या (५२.४ प्रतिशत) माध्यमिक तहको शिक्षाभन्दा बाहिर रहेको छ भन्ने यस नगरपालिकाका माध्यमिक तह (कक्षा ९-१२)मा भने कुल र खुद भर्ना दर क्रमशः ५७.२२ र ३१.७५ प्रतिशत मात्र रही माध्यमिक शिक्षा उमेरको ठूलो जनसङ्ख्या (६८.२५ प्रतिशत) माध्यमिक तहको शिक्षाभन्दा, बाहिर रहेको छ ।

विद्यालय शिक्षामा सरकारको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक र गैर नाफामूलक गरी दुई प्रकारका संस्थागत (निजी क्षेत्रबाट सञ्चालित) विद्यालयको उपस्थिति पनि उल्लेख्य छ। सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल विद्यार्थी सङ्ख्याको ४९.८% निजी क्षेत्रबाट सञ्चालित विद्यालयमाभर्ना भएका छन्। विद्यालयहरूको सङ्ख्याका आधारमा १६.४% मात्र निजी क्षेत्रबाट सञ्चालित छन् भने सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू (८३.६%) मा ५०.२%मात्र विद्यार्थी देखिन्छन्। यसका हुनाका दुई कारण छन्। पहिलो, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले २ देखि ४ वर्षका कक्षाहरू चलाएका छन् भने धेरैजसो सामुदायिकले १ वर्षका कक्षा चलाएका छन्। दोस्रो, निजी क्षेत्रबाट सञ्चालित अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू तुलनात्मक रूपमा घना बस्ती भएका क्षेत्रमा रहेका छन्। त्यसै गरी आधारभूत (१-८) र माध्यमिक तह (९-१२) मा कुल विद्यार्थी सङ्ख्याको क्रमशः २५.७र २८.२ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा अध्ययन गर्दछन् ।

आधारभूत तहमा लैङ्गिक समता सूचक १.०१ पुगेको छ भने माध्यमिक तहमा सूचक समतामा पुगेको देखिन्छ। त्यसै गरी दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भई प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तह (कक्षा १-५) र आधारभूत तह (कक्षा १-८) मा कुल भर्नामध्ये क्रमशः १८.५, १९.५ र १८.२ प्रतिशत दलित विद्यार्थी भर्ना भएका छन् ।विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकता

अनुसारको प्रबन्धसहिको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास तथा अपाङ्गता मैत्री सिकाइ वातावरण निर्माणमा थप प्रयास आवश्यक छ ।

## परिच्छेद २ दुरदृष्टि ,ध्येय ,रणनीति तथा लक्ष्य

### २.१ स्थानीय तहमा योजना निर्माण गर्दा लिईएका आधार आधारहरु:

परिच्छेद एकमा उल्लेख गरिएको राष्ट्रिय शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले नेपालको विद्यालय शिक्षाको आगामी १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य निस्शुल्क आधारभूत तथा माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय(Mission), उद्देश्यहरू (Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators) प्रस्तुत गरिएको छ ।

### २.२ हँसपुर नगरपालिकाको शैक्षिक दूरदृष्टि

"शिक्षा, स्वास्थ्य, कृषि, पुर्वाधार र रोजगार, सुन्दर हँसपुर नगरपालिकाको विकास संवृद्धिको आधार"

### २.३ ध्येय (Mission)

नेपाली मूल्य र मान्यता सहितको एक्काइसौं शताब्दी सुहाउँदो सक्षम नागरिक तयार गर्न गुणस्तरीय विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी सबैको सहज पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्ने।

### २.४ उद्देश्य:

१ सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।

२ अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तरअभिवृद्धि गर्नु ।

३ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

४ सबै नागरिकका लागि साक्षरता,निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।

५ संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु ।

६ बालबालिकालाई समबेशिता तथा समताको अधारमा शिक्षामा पहुचको सुनिश्चित गर्नु ।

## २.५ रणनीतिहरू :

१ संघीय सरकारले तोके बमोजिमको मापदण्ड, नर्म्स र ढाँचाअनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय तहबाट हुनेछ । प्रदेश सरकारले क्षमता विकास, समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्नेछ।

२ संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनका आधारमा स्थानीय तहले विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्नेछ।

३ संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा तथा स्थानीय सरकारको अगुवाइमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नेछन्।

४ निःशुल्क माध्यमिक शिक्षा , व्यावसायिक तथा साधारणमा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिनेछ।

५ माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासको लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरिने छ।

६ बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनाका साथै गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गरिने छ ।

७ साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सर्वसुलभ गर्न सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गरिने छ ।

८ अनौपचारिक शिक्षाको पुनर्परिभाषासहित अनौपचारिक र औपचारिक शिक्षाबिचको अन्तरसम्बन्ध विस्तार तथा अनौपचारिक शिक्षाको माध्यमबाट आयआर्जन तथा दिगो सामुदायक विकास प्रवर्द्धन गरिने छ।

९ विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिने छ।

१० विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूका आधारमा सुधार गर्ने पद्धित विकास गरिने छ ।

११ अनिवार्य तथा निस्शुल्क आधारभूत शिक्षा तथा निस्शुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारविच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढगरिने छ ।

## २.६. अपेक्षित मुख्य उपलब्धिहरु:

शिक्षा क्षेत्रको योजनाको अन्त्य सन २०३० सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ ।

२.६.१ सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुनेछन ।

२.६.२. अनिवार्य तथा निःशुल्क आधारभूत तह शिक्षामा पहुँच, सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।

२.६.३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुनेछ ।

२.६.४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएका हुनेछन ।

२.६.५. आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कायान्र्वयन भएको हुनेछ ।

२.६.६. प्रविधिमैत्री, क्षमतावान र सक्षम शिक्षकको व्यवस्था भई वद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ ।

२.६.७. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ ।

२.६.८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुनेछ ।

२.६.९. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुनेछन ।

२.६.१०.हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ ।

२.६.११. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुनेछ ।

२.६.१२. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन तथा सामाजिक परीक्षणको प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुनेछ ।

२.६.१३. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी आवश्यकतामा आधारित योजना निर्माण भएको हुनेछ ।

२.६.१४. बालिका, अपांगता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको समन्यायिक पहूँच, तथा सहभागिताको सुनिच्श्तिता तथा सिकाइ उपलब्धिमा सुधारको लागि योजना तर्जुमा तथा कार्यान्वयनको भएको हुनेछ ।

## २.७ लक्ष्य निर्धारण:

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)निम्न बमोजिम हुने छः

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर• (%) | स्थानीय | ८६.८१ | ९०.३२ | ९३.९७ | ९७.७६ | | तूलकिट |
| | | राष्ट्रिय | ८६.2 | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका• (%) | स्थानीय | ४१.२२ | ५५.४७ | ७४.६४ | ९२.०० | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | | |
| 2. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | १००.४१ | १०० | १०० | १०० | | |
| | | राष्ट्रिय | ९६.9 | ९७.५ | ९९.० | १०० | | |



CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १४९.६१ | १३२.२० | ११६.८१ | १०३.२१ | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर• (%) | स्थानीय | ११३.६६ | १०९.१६ | १०४.८४ | १००.६८ | | |
| | | राष्ट्रिय | ९७.1 | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर• (%) | स्थानीय | १३८.८५ | १२५.३१ | ११३.१० | १०२.०७ | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर• (%) | स्थानीय | २९.४८ | ३४.७९ | ४८.४४ | ६४.६५ | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर• (%) | स्थानीय | १६४.०४ | १४९.२८ | १२३.६२ | १०२.३७ | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर• (%) | स्थानीय | ४८.५० | ५७.६२ | ६८.४६ | ८१.३४ | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर• (%) | स्थानीय | | ९८.९ | ९९.९ | १००.०० | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका• (%) | स्थानीय | २५.१९ | १९.८३ | १२.२८ | ७.६१ | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क• | स्थानीय | 1.12 | 1.06 | 1.018 | 1.01 | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर• (%) | | स्थानीय | ९९.८५ | १०० | १०० | १०० | | |
| | | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | ११८.३५ | १०८.४५ | १००.२६ | १०० | | |
| | | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर• (%) | | स्थानीय | ३५.९० | ४२.६५ | ५०.६८ | ६०.२१ | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर•(%) | | स्थानीय | २९.५० | ३९.०१ | ५१.६० | ६८.२४ | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक• | | स्थानीय | १.२५ | १.२५ | १.२५ | १.२५ | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४७.७ | ५४.३ | ६१.८ | ७०.३ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि | नेपाली भाषा | स्थानीय | ५६.० | ६३.१ | ७१.० | ७९.९ | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | ६७.५ | ७२.५ | ७७.९ | ८३.८ | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिका को सङ्ख्या (%) | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिका को सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५६.६ | ६३.६ | ७१.४ | ८०.१ | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ४२.९ | ५०.१ | ५८.६ | ६८.५ | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | ४२.९ | ५०.१ | ५८.६ | ६८.५ | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| **3.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर• (%) | | स्थानीय | ३१.७५ | ४१.३७ | ५६.५७ | ७५.३० | | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर• (%) | | स्थानीय | ५७.३२ | ६४.८९ | ७४.६८ | ८५.३२ | | |
| | | | राष्ट्रिय | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक• (कक्षा ९-१२) | | स्थानीय | ०.८४ | ०.८७ | ०.८७ | ०.९५ | | |
| | | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर• (%) | | स्थानीय | ७२.०३ | ७९.२५ | ८७.२० | ९५.९३ | | |
| | | | राष्ट्रिय | ९७.५ | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ३४.८० | ४६.८३ | ६३.०१ | ८४.७९ | | |
| | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | २२.०३ | २७.५३ | ४३.०२ | ६७.२२ | | |
| | | राष्ट्रिय | २४.० | | | | | |
| **4.** | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ५२.३४ | ५९.९२ | ६८.६० | ७८.५५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ६१.६९ | ६४.५६ | ६७.५७ | ७०.७२ | | |
| | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ५५.७६ | ६१.४८ | ६७.७८ | ७४.७३ | | |
| | | राष्ट्रिय | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.६५ | ०.६८ | ०.७१ | ०.७५ | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८० | | |

## परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु



CamScanner

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एकवर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख गरिएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा बालबालिकाहरूलाई आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम होयस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक जस्ता सर्वाङ्गीण विकासमा सहयोग गर्दछ नेपालको पन्ध्रौं योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिइएको सन्दर्भमा हँसपुर नगरपालिकाको दश वर्षे नगर शिक्षा योजनामा पनि सो कार्यक्रमलाई उच्च प्राथमिकताका साथ समावेश गरिएको छ । यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुऱ्याउनका लागि सरकारी तथा गैर सरकारी संस्था, स्थानीय सरकार, समुदाय, विद्यालयहरू तथा आम सरोकारवालाहरूको हातेमालो वा सहयोग हुन आवश्यक छ । यस योजना अवधिका लागि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका उद्देश्य, नीतिहरू, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र योजनाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू निम्नानुसार उल्लेख गरिएको छ ।

### ३.१.१ वर्तमान अवस्था

हँसपुर नगरपालिका अन्तर्गत कुल ६१ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। यस नगरपालिकाभित्र प्रारम्भिक बालविकास र शिक्षामा ९५५ छात्रा र १३७४ छात्र गरी २३२९ कुल जना बालवालिकाहरू रहेका छन् । बालविकासमा २३२९ बालवालिका रहेका छन् तर बालविकास विकासको शिक्षक ६१ वटा छन् । प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत सबै शिक्षक महिला रहेका छन् । यसरी हेर्दा यस पालिका कार्यरत सबै प्रारम्भिक बालविकास शिक्षकका नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पुरा भएका देखिन्छ । भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धि न्यूनतम् मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन २०७५ अनुसार यस पालिका अन्तर्गतका कुनै पनि प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम् मापदण्ड पुरा नभएको देखिन्छ ।

प्रायः बालविकास केन्द्रहरु बालमैत्री, अपाङ्गमैत्री , लैङ्गिक मैत्री बन्न सकेको छैनन् । एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन ।

प्रारम्भिक बालविकास र शिक्षाक सूचकहरु

| सूचाक | प्रतिशत |
|---|---|
| ५ वटा न्युनतम सक्षमताका मापदण्डहरू मध्ये कम्तिमा ३ वटामापदण्डहरू (Minimum Enabling Standards) पुरा गर्ने ECED केन्द्रकक्षाहरू | 0 |
| ECED केन्द्र कक्षाहरूमा अध्यापनरत शिक्षक शिक्षिकाहरू मध्ये कम्तिमा १५ दिने तालिम प्राप्त गर्ने शिक्षक शिक्षिकाहरूको सङ्ख्या | 0 |
| ECED मा खुद भर्ना दर (Enrolment rate of 4-year old children) | ७०.८६ |
| ECED मा सहजै देखिने भर्ना दर (GER in ECED) | ८६.८१ |
| ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED GER) | ०.८९ |
| ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED NER) | १.०१ |
| ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | १२.८८ |
| ECED मा भर्ना भएंका बालबालिकामध्ये अपाङ्गता भएका बालबालिकाको प्रतिशत | ०.२१ |
| ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | २१.२२ |
| बालवालिका र सहजकर्ता अनुपात | २४.१४ |

### ३.१.२ समस्या, चुनौती र अवसरहरू

प्रारम्भिक बालविकास र शिक्षामा देखिएका विद्यमान समस्या, चुनौती र अवसरहरु निम्नानुसार छन् :-

**समस्याहरू:**

- कुनै पनि प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा नभएको ।
- प्रारम्भिक बालविकांसका शिक्षकलाई क्षमता विकास तालिम दिन नसकेको ।

- प्रारम्भिक बालविकासका बालवालिकाहरुको लागि शुद्ध खानेपानीको उचित व्यवस्थापन हुन नसेकेको ।
- नक्शाङ्कन अनुसार प्रारम्भिक बालविकास केन्द्रको स्थापना हुन नसेको ।
- प्राम्भिक बालविकासका लागि स्तरअनुकूल प्रविधि मैत्री तथा बाल मैत्री सिकाई वातावरणका व्यवस्थापन हुन नसेकेको ।
- सिकाईको वास्तविक मापदण्ड पूरा गराउन नसेको ।
- बालबालिकाको चौतर्फी विकासमा टेवा पुर्‍याउने सिकाइकुना अनुरूपको सिकाइ सामग्रीको अभाव हुनु।
- प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्थापनप्रति सरोकारवालाहरूको चासो तथा सहभागिता न्यून हुनु।
- प्रारम्भिक बालबालिकाको विकास तथा सिकाइप्रति अभिभावकहरूको सचेतना कमी हुनु।
- आवश्यक वित्तीय स्रोतको व्यवस्था नहुनु।
- विद्यार्थीहरूका लागि स्वास्थ्य, पोषण तथा दिवा(खाजाको व्यवस्थापनमा कठिनाइ हुनु ।

**चुनौतीहरू:**

- विद्यार्थी सङ्ख्याको अनुपातमा बाल शिक्षकको दरबन्दी मिलान तथा पुनर्वितरण सुनिश्चित गर्नु।
- प्रारम्भिक बाल कक्षाको भौतिक पूर्वाधारको विकास र सुदृढीकरण गर्नु।
- अभिभावकहरूको कमजोर आर्थिक अवस्थाका कारण प्रारम्भिक शिक्षामा पर्ने असरलाई न्यून गर्ने उपायहरू अवलम्वन गर्नु।
- चार वर्ष उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने सुनिश्चितता गर्नु।
- घट्दो विद्यार्थी भर्ना प्रवृत्तिलाई रोक्न प्रभावकारी नीति तथा कार्यक्रम लागू गर्नु।

- प्रारम्भिक बालबालिकाको विकास तथा सिकाइलाई व्यावहारिक, बालमैत्री र प्रविधिमा आधारित बनाउनु ।

### ३.१.३. उद्देश्यहरु:

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो । यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ ।

- बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन २०७५ अनुसार यस पालिका अन्तर्गतका सबै प्रारम्भिक बालविकास केन्द्र हरुले न्यूनतम् मापदण्ड पुरा गरेको सुनिश्चित गर्नु ।
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गर्नु ।
- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका बालबालिकाहरुको नियमित स्वास्थ्य परिक्षण गर्नु ।
- प्रारम्भिक बालविकास केन्द्रका क शिक्षकहरुलाई आधारभूत तथा पुर्नताजगी तालिम व्यवस्थापन गर्नु ।
- प्रारम्भिक बालविकासको बालबालिकहरुको उचित स्यहारको लागी अभिभावक शिक्षा संचालन गर्नु ।
- सबै बालवालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।

### ३.१.४. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ ।

- ४८ देखि ५९ महिनाभित्र बालबालिकाहरुको संख्याको आधारमा नयाँ प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरुको स्थापना तथा व्यवस्थापन गर्ने ।
- प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका शिक्षकहरुलाई आधारभूत तथा पुर्नताजगी तालिम प्रदान गर्ने ।
- ४८ देखि ५९ महिनाभित्र सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिस्चित गर्न विशेष विद्यालय भर्ना अभियान संचालन गर्ने ४ सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरुमा व्यवस्थापन समिति गठन गतथा अभिमुखीकरण गर्ने ।



CamScanner

- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरुमा न्युतम् मापदण्ड सुनिस्चित गर्न अभियान तथा बजेट व्यवस्थान गर्ने ।
- अभिभावकहरूलाई अभिभावक शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सहजकर्ताहरुको पारिश्रमिक वृद्धि, वृत्ति विकासका लागी सम्बन्धित निकायहरूसंग समन्वय गर्ने।
- पोषणयुक्त दिवा खाजाको उचित व्यवस्थापन गराउने ।

### ३.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**अपेक्षित नतिजाहरू**

- ४८ देखि ५९ महिना उमेर समुहका सबै बालबालिकाहरु प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा भर्ना भएका हुनेछन ।
- कक्षा १ मा भर्ना हुन शत् प्रतिशत बालबालिकाहरु प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको अनुभव सहित आएका हुनेछन ।
- सबै प्रारम्भिक बालविकास केन्द्रका शिक्षकले टि.पी.डी मा आधारित तालिम प्राप्त गरेका हुनेछन।
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरी २० मिनेटको दूरी भन्दा बढी नपर्ने गरी नयाँ बालविकास केन्द्र विस्तार गरिएको हुनेछ ।
- शत् प्रतिशत प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरु राष्ट्रिय न्युनतम मापदण्ड पुरा गरेका हुनेछन ।
- गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको लागि स्थानीय तह, विद्यालय, समुदाय तथा विकास साझेदार हरुबीच सुमधुर सम्वन्ध र सहकार्य भएको हुनेछ ।

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | ५ वर्षको लक्ष्य | १० वर्षे लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको निर्माण | पटक | २ | ७ | ७ | ७ | ७ | ३० | ४३ |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | ५ वर्षको लक्ष्य | १० वर्षे लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| २ | प्रारम्भिक बालविकासको वडागत नक्शाङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालयको व्यवस्था | सङ्ख्या | | २ | २ | २ | ४ | १० | |
| ४ | बाल उद्यान | बाबिके | १ | ३ | ३ | ३ | ३ | १३ | |
| ५ | खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था | बाबिके | २ | ७ | ७ | ७ | ७ | ३० | |
| ६ | अभिभावक शिक्षा | पटक | | ३ | ४ | ५ | ६ | १८ | |
| ७ | सहजकर्तालाई मन्टेश्वरी तालिम | जना | | २५ | २५ | | | ५० | |
| ८ | सहजकर्तालाई पुर्न ताजगी तालिम | पटक | | | | १ | १ | २ | |
| ९ | व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण | केन्द्र | | ७ | ८ | ८ | ७ | ३० | |
| १० | बालविकास केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउने | केन्द्र | ५ | ११ | १२ | १२ | १० | ५० | |
| ११ | अनुगमन, सपरीवेक्षण सहयोग तथा सहजीकरण | केन्द्र | ५० | ५० | ५० | ५० | ५० | ५० | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | ५ वर्षको लक्ष्य | १० वर्ष लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १२ | न्यूनतम पारिश्रमिकको व्यवस्था | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| १३ | आमा समूह गठन तथा आमा दिवाखाजा कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | |
| १४ | बालबालिकाको मासिक स्वास्थ्य जाँच , खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन (Screnning)गरी कुपोषण भएका बालबालिकाका लागि आवश्यक प्रबन्ध | निरन्तर | | | | | | | |

## ३.२ आधारभूत शिक्षा

मानव जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान सिप आर्जन गर्ने गरी घरपरिवार तथा समुदायमा आफ्ना विचारहरू अभिव्यक्त गर्न र समाजमा घुलमिल तथा आफूलाई सामाजिक परिवेशमा समायोजन गरी सामाजिकीकरणमा सहज बनाउने प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा भनिन्छ। नेपालको संविधान २०७२ को धारा ३१ मा र शिक्षा ऐन, २०२८ ले समेत आधारभूत शिक्षा निःशुल्क र अनिवार्य हुनेछ भन्ने व्यवस्था मौलिक हक अन्तर्गत राखिएको छ। हाल आधारभूत शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरिएको छ। शिक्षामा सबैको पहुँचका लागि राजनैतिक प्रतिबद्धताको कमी रहेको र गरिएका प्रतिबद्धताहरू पनि कार्यान्वयनमा आएको पाईँदैन। एकातर्फ निर्दिष्ट सिकाइलाई मात्र स्तरीयता मान्नेर अर्को तर्फ कागजीका मकार्वाहीलाई मात्र आफ्नो जिम्मेवारी र दायित्व सम्झने स्थिति देखिरहेको विद्यमान अवस्थामा व्यावहारिक परिवर्तन, श्रमको सम्मान, जीवनोपयोगी खोज, अनुसन्धान, संस्कार रसंस्कृति

प्रति लगाव, नैतिकआचरण र जिम्मेवारी, विज्ञान र प्रविधिको १ देखि ८ सम्म आगामी ५ वर्ष भित्रका विभिन्न क्रियाकलापहरू यस योजना मासमावेश गरिएको छ।

### ३.२.१ वर्तमान अवस्था

हँसपुर नगरपालिकामा आधारभूत तह (कक्षा १–५) संचालित सबै विद्यालय ४२ वटा मध्ये सामुदायिक विद्यालय २० वटा, आधारभूत तह (कक्षा ६–८) संचालित सबै विद्यालय ७ वटा मध्ये सामुदायिक विद्यालय ४ वटा गरि आधारभुत विद्यालय संचालित सबै विद्यालये ४९ वटा मध्ये सामुदायिक विद्यालय जम्मा २४ वटा रहेका छन् । जसमा सबै किसिमको आधारभुत विद्यालयमा जम्मा विद्यार्थी ११,१०२ रहेकोमा छात्रा ५४१६ (४८.७८प्रतिशत) र छात्र ५६८६(५१.२८प्रतिशत) रहेका छन् । सामुदयिक विद्यालयको आधारभुत तहमा जम्मा विद्यार्थी ९६९० रहेकोमा छात्रा ४८८९ (५०.४५प्रतिशत) र छात्र ४८०१ (४९.५४प्रतिशत) रहेका छन् ।

आधारभूत शिक्षा कक्षा (१–८) मा कूल भर्नादर ११८.३५ प्रतिशत रहेको छ । कक्षा (१–८) मा खुदभर्ना दर ९९.८५ प्रतिशत रहेको छ । कक्षा (१–८) को टिकाउदर ३५.९० प्रतिशत रहेको छ । यस पालिका भित्रका सामुदायिक आधारभुत विद्यालय संचालन भएका विद्यालयहरुको शिक्षक दरवन्दि विवरणमा प्रा.वि. तहमा जम्मा १०५ वटा स्वीकृत दरबन्दि ३१ वटा राहत दरबन्दि रहेको छ भने नि.मा.शि. तहमा जम्मा स्वीकृत दरवन्दि १३ वटा, राहत दरबन्दि ३ वटा र शिक्षण सिकाई अनुदान शिक्षक ३ वटा रहेका छन् । यसरी शिक्षक र बिद्यार्थीको विवरण हेर्दा कक्षा १–५ मा शिक्षक र विद्यार्थीको अनुपात हेर्दा १:४९ रहेको देखिन्छ भने कक्षा ६–८ मा विद्यार्थी र शिक्षकको अनुपात १:१६० रहेको देखिन्छ ।

### ३.२.२ समस्या र चुनौतीहरू

**क .समस्याहरू:**

- आधारभूत तहको कक्षा १ मा भर्ना भै कक्षा ८ पुरा गर्ने दर २९.५० % मात्रै हुनु,
- कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेको विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तर न्यून रहनु,
- आधारभूत तहमा बिद्यालय बाहिर रहेका बालबालिका ८.६१ % रहेको,
- आधारभूत तहको कक्षा १ मा भर्ना भै कक्षा ८ पुरा गर्ने दर २९.५० % मात्रै हुनु,
- भौतिक पुर्वाधार र बिधार्थी संख्याको अधारमा फर्निचरको व्यवस्थापन नहुनु;
- विद्यालयमा तहगत र विषयगत शिक्षक दरवन्दीको उचित व्यवस्थापन गर्न नसकिनु,

- शिक्षकको पेसागत क्षमताको विकासका अवसरहरूको कमी,

### ३.२.३ उद्देश्य

यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्न लिखित उद्देश्य राखेको छ –

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
- विद्यार्थीको सिकाइ उपलब्धी र राष्ट्रिय औसत उपलब्धी बराबर बनाउने,
- विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय वातावरणमा सुधार गरि बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही वनाउनु,
- राष्ट्रिय मापदण्ड अनुसारको शिक्षक विद्यार्थी अनुपात कायम गर्ने ।

### ३.२.४ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछ –

- विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने ।
- विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरि उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने ।
- वैकल्पिक, अनौपचारिक, खुला, परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहन मूलक कार्यक्रम, आवासीय सुविधा आदि कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने ।

- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा बृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने।
- शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने।
- मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कन सँग सम्बन्धित क्षमता विकास गर्ने।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गर्ने।
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने।
- स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने।
- विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने।
- राष्ट्रिय मापदण्ड अनुसारको शिक्षक विद्यार्थी अनुपात कायम गर्न शिक्षक समायोजन तथा नपुग शिक्षक दरबन्दि माग गर्ने।

### ३.२.५ प्रमुख उपलब्धि तथा नतिजाहरु

#### क) उपलब्धिहरु

- ५-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुले अनिवार्य तथा नि:शुल्क गुणस्तरिय आधारभूत शिक्षा प्राप्त गरेका हुनेछन् ।
- सबै विद्यालयहरु न्यूनतम गुणस्तरिय सिकाई मापदण्ड (PMEC) पुरा गरेका हुनेछन ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरू औपचारिक, अनौपचारिक तथा वैकल्पिक सिकाईको अवसर प्राप्त गरेका हुनेछन् ।
- आधारभुत तहको विद्यार्थीहरुको न्यूनतम सिकाई उपलब्धि बृद्धि भएको हुनेछ ।
- नगरपालिकामा रहेका सबै विद्यालयहरुमा वृहत विद्यालय सुरक्षा अभियान संचालन भई आपतकालीन अवस्थामा पनि बालबालिकाहरुको सिकाई निरन्तरता सुनिस्चित भएको हुनेछ ।

### ३.२.५.२ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुखक्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो लक्ष्य ५ वर्ष) | | | | | भौतिक लक्ष्य (5) वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | आधारभूत तहका सबै वालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउन सचेतनामुलक कार्यक्रम सँगै भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय |
| २ | विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन | पटक | | १ | | १ | | २ | |
| ३ | तहगत तथा विषयगत शिक्षकको व्यवस्था तथा दरबन्दी मिलान नगर अनुदान शिक्षकको व्यवस्था | निरन्तर | | | | | | | संघीय सरकार प्रदेश सरकार सगँ माग गर्ने |
| ४ | स्वास्थ्य शिविर मार्फत अपाङ्गताको पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | कक्षा ५ सम्म पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजा प्रवन्ध | दिन | १८० | १८० | १८० | १८० | १८० | ९०० | संघ, स्थानीय |

| क्र.स. | प्रमुखक्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो लक्ष्य ५ वर्ष) | | | | | भौतिक लक्ष्य (5) वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| ६ | विद्यालयमा विद्यार्थीको सिकाइ निरन्तरता सम्वन्धी छलफल तथा अन्तर्किया कार्यक्रम | ओटा | ६ | ६ | ६ | ६ | ६ | ३६ | संघिय ,प्रदेश स्थानीय |
| ७ | सिकाइ क्षति परिपूरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | संघिया,प्रदेश र स्थानीय |
| ८ | प्रारम्भिक कक्षाहरुमा पढाइ लेखाइको क्षमता विकास कार्यक्रम | विद्यालय | ५ | १५ | १५ | १४ | - | ४९ | संघिया, प्रदेश र स्थानीय |
| ९ | विद्यार्थीको सिकाइ उपलब्धि परिक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | संघिया, प्रदेश र स्थानीय |
| १० | आधारभूत तहमा स्तरिकृत परिक्षा | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | संघिया, |

| क्र.स. | प्रमुखक्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो लक्ष्य ५ वर्ष) २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | भौतिक लक्ष्य (5) वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन र व्यवस्थापन | | | | | | | | प्रदेश र स्थानीय |
| ११ | उत्कृष्ट शिक्षक तथा विद्यार्थी सम्मान तथा पुरस्कार वितरण कार्यक्रम संचालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | संघिया, प्रदेश र स्थानीय |
| १२ | सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र क्षमता विकास | विद्यालय | २ | १० | ८ | ७ | ३ | ३० | संघिया,प्रदेश र स्थानीय |
| १३ | शैक्षिक प्रदर्शनी | सङ्ख्या | ० | १ | १ | १ | १ | ४ | स्थानीय |
| १४ | विभिन्न सङ्घ संस्थाहरुसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन | निरन्तर | | | | | | | स्थानीय र संघसंस्था |

### ३.३ माध्यमिक शिक्षा

नेपालको विद्यालय शिक्षाको संरचनामा कक्षा ९ देखि १२ सम्मको चार वर्षको शिक्षालाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरिएको छ। नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने व्यवस्था गरेको छ। माध्यमिक शिक्षाका



CamScanner

धारहरू साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक धार हुन। यस तहमा एकल पाठ्यक्रमको नीति अवलम्बन गर्ने गरिएको छ। कक्षा ९ र १० मा वार्षिक ३२ घण्टा र कक्षा ११ र १२ मा वार्षिक कम्तीमा २७ देखि ३२ पाठ्य घण्टाको विषयवस्तु राखिएको छ। मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन गर्न सक्ने, विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह गर्न सक्ने, दैनिक जीवनमा भाषिक एवम्सञ्चारका साथै गणितीय सिपको प्रयोग गर्न सक्ने, श्रमप्रति सम्मान गर्दै कामको संसारमा प्रवेश गर्न सक्ने, प्राकृतिक एवम्सामाजिक घटनाको विश्लेषण गर्दै सकारात्मक व्यवहार प्रदर्शन गर्ने जस्ता सक्षमताहरू यस तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तोकिएका छन्। साथै विद्यार्थीहरूको मूल्याङ्कन एवम्स्तर निर्धारणका लागि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा १० को अन्तिम परीक्षा प्रदेशस्तरबाट र कक्षा १२ को अन्तमा लिईने परीक्षा संघबाट सञ्चालन हुने व्यवस्था छ।

### ३.३.१ वर्तमान अवस्था

हँसपुर नगरपालिकामा सामुदायिक विद्यालय ४५ वटा मध्ये माध्यमिक (९-१२) ६ वटामा संचालनमा रहेका छन्। माध्यमिक तह (११–१२) ४ वटा विद्यालयमा संचालनमा रहेका छन्। माध्यमिक तह (कक्षा ९–१०) मा १७३१ र माध्यमिक तह (कक्षा ११–१२) मा ३७६ गरी २१०७ विद्यार्थीहरु अध्ययनरत रहेका छन्। जसमध्ये छात्रा ९५८ (४५.४६%) र छात्र ११४९ (५४.५३%) रहेको छ। (स्रोत: CEHRD, EMIS, २०८१), हँसपुर नगरपालिकाको माध्यमिक तहको कुलभर्नादर ५७.३१ प्रतिशत रहेको छ र खुदभर्ना दर ३१.७५ प्रतिशत रहेको छ।

यस पालिकामा अधारभुत तहको वाहिर रहेका वालवालिका १४.९ प्रतिशत रहेका छ। ।यस पालिका भित्रका सामुदायिक माध्यमिक विद्यालय संचालन भएका विद्यालयहरुको शिक्षक दरवन्दि विवरणमा माध्यमिक तहमा (९-१०) जम्मा २२ वटा स्वीकृत दरबन्दि र राहत दरबन्दि रहेका छन् र शिक्षण सिकाई अनुदान शिक्षक १ वटा रहेका छन् भने (११-१२) तहमा जम्मा ४ अनुदान कोटा रहेका छन्। यसरी शिक्षक र विद्यार्थीको विवरण हेर्दा कक्षा ९-१० मा शिक्षक र विद्यार्थीको अनुपात हेर्दा १:७० रहेको देखिन्छ भने कक्षा ११-१२ मा विद्यार्थी र शिक्षकको अनुपात १: रहेको देखिन्छ। कक्षा ९ देखि १२ सम्मको विद्यार्थी शिक्षक अनुपात १:७३ रहेका छन्।

माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा विद्यालय नर्सको व्यवस्था भएको छैन। विज्ञान प्रयोगशाला ६ वटा माध्यमिक विद्यालय मध्ये ३ वटामा सञ्चालन भएको भए तापनि मापदण्ड अनुसार ९० वर्गमिटरको प्रयोगशाला कक्ष हुनुपर्ने र भौतिक विज्ञान प्रयोगशाला, रसायन विज्ञान प्रयोगशाला र जैविक विज्ञान प्रयोगशाला छुट्टा छुट्टै हुनुपर्नेमा सो नभएको। विज्ञान प्रयोगशालामा आवश्यक प्राविधि कर्मचारी ९ल्याब असिस्टेन्ट ० को व्यवस्था नभएको। प्रयोगशालामा आवश्यक सामाग्री नभएको।

पुस्तकालय ३ वटा माध्यमिक विद्यालयमा भएको भए तापनि सो पुस्ताकालय कक्ष ९० वर्गमिटरको हुनुपर्नेमा सो नभएको, पुस्ताकलयको नियमित सञ्चालनकोलागि आवश्यक पुस्तक तथा एकजना लाइब्रेरियनको व्यवस्था नभएको । ६ वटा मध्ये ३ वटा माध्यमिक विद्यालयमा कम्प्यूटर ल्याब भए तापनि नियमित सञ्चालन नभएको, पर्याप्त कम्प्यूटर नभएको, भएका कम्प्यूटरहरु मर्मतसम्भार नभएको अवस्थामा रहेको । कम्प्यूटर ल्याब कक्ष ९० बर्गमिटरको हुनुपर्नेमा त्यस्तो व्यवस्था कुनै पनि विद्यालयमा नभएको । कम्प्यूटर शिक्षक दरबन्दी कुनैपनि माध्यमिक विद्यालयमा छैन ।

### ३.३.२ माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरु

- माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर ३१.७५ र कुल भर्ना दर ५७.२१ मात्र हुनु ,
- आधारभूत तहबाट माध्यमिकमा ट्रान्जिट दर ७२.०३ हुनु ,
- कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० पुग्ने दर ३४.८० मात्र हुनु ,
- कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ पुग्ने दर २२.०३ मात्र हुनु
- शैक्षिक संस्थाको नक्शाङ्कन हुन नसक्नु,
- सामुदायिक माध्यमिकतहमा कक्षा ९ देखि १० सम्म कार्यरत शिक्षकहरूमध्ये TPD तालिम पुरा नगर्ने शिक्षकरु ५७.१ प्रतिशत् हुनु ।
- माध्यमिक तहका शिक्षकहरूमध्ये बिद्यार्थीहरूको सिकाई अभिवृद्धिका लागि ICT मा आधरित Online/Offline १ महिने तालिम पुरागर्ने शिक्षक सङ्ख्या शुन्य हुनु ।
- माध्यमिक तहमा न्युनतम सिकाई सक्षमतामा बिज्ञान र अंग्रेजीमा ५० प्रतिशत भन्दा कम हुनु।
- विषयगत (अंग्रेजी, गणित , बिज्ञान) शिक्षकको कमी हुनु ।

### ३.३.३. उद्देश्यहरु

- बालबालिकाहरुको नक्शाङ्कन गर्ने र माध्यमिक शिक्षाको अवसर सुनिस्चित गर्नु
- माध्यमिक शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।
- माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण-बालमैत्री ,सिकाइमैत्री ,समावेशी र सुरक्षित बनाउनु,



CamScanner

- माध्यमिक तहको खुद भर्नादर बढाई सिकाई उपलब्धी वृद्धि गर्नुविषयगत शिक्षक दरवन्दी व्यवस्था र वृति विकास सुनिश्चित गर्नु ।
- बालबालिकाको सिकाई उपलब्धी वृद्धि गर्नु ।

### ३.३.४ रणनितिहरु

माथि उल्लेखित उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- विद्यालबाहिर रहेका बालबालिकाहरुको नक्शाङ्कन गर्ने र विद्यालयमा भर्ना सुनिस्चित गर्ने
- विद्यालय मा सहज भर्ना, सिकाउने टिकाउने र बिकाउने वातावरण तयार गर्न बालमैत्री विद्यालय प्रारुपबारे अभिमुखीकरण र सो को कार्यान्वयन र अनुगमन गर्ने ।
- अभिभावक भेला, बि.व्य.स., सी.अ.स. को बैठक बिद्यार्थी शिक्षक बिच छलफल त्तथा घरदैलो कार्यमा बढी जोड दिने ।
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास अभियान संचालन गर्ने ।
- हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि प्रयेग सुनिश्चितता गर्ने ।
- विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री, समाबेशी बनाउने ।
- आवश्यकता अनुसार बिषयगत शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्ने ।
- अपांगता भएका बालबालिकाहरुको पहिचान गरी समावेशी शिक्षण सिकाइको व्यवस्थापन गर्ने।
- सिकाई कमजोर भएका बालबालिकाहरुका पहिचान गरी Remedial कक्षाको व्यवस्थापन गर्ने।
- गुनासो सुनवाई संयन्त्रको विकास र व्यवस्थापन गर्ने ।
- पालिका स्तरीय बालिका तथा समावेशी शिक्षा संजाल गठन तथा परिचालन गर्ने ।
- विषयगत सिकाई समुह गठन तथा परिचालन गर्ने ।
- विद्यालय हरुमा न्युनतम सिकाई मापदण्ड सुनिश्चित स गरी नमुना विद्यालय को संख्या अभिवृद्धि गर्ने ।
- विद्यालय स्वास्थ नर्सको व्यवस्था गर्ने ।
- प्र.अ. को नेतृत्व क्षमता विकास तालिमको व्यवस्था गर्ने ।

### ३.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) अपेक्षित उपलब्धिहरु**

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।
- सबै विद्यालय हरुले न्युनतम राष्ट्रिय मापदण्ड पुरा गरेका हुनेछन् ।
- कम्तिमा ९५ प्रतिशत बालबालिकाहरुको माध्यमिक शिक्षामा पहुँच सुनिस्चित भएको हुनेछ ।
- माध्यमिक तहमा विज्ञान र अंग्रेजी बिषयको न्युनतम सिकाई उपलब्धि ९५ प्रतिशत पुगेको हुनेछ ।
- सबै माध्यमिक विद्यालयहरुमा बिषयगत शिक्षकको सुनिस्चितता भएको हुनेछ ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भएका हुनेछन ।

**ख) अपेक्षित नतिजा तथा परिमाणात्मक लक्ष्य:**

### ३.३.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य संचालन

| क्र. सं. | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिकलक्ष्य | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालय नक्साङ्कन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | | | १ | | १ | २ | |
| ३ | अतिसिमान्तकरत,सिमान्त कृत,दलित र विपन्न बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्था | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | |
| ४ | सिकाइक्षति आपूरणको लागि learning camp कार्यक्रम सञ्चालन तथा | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | |



CamScanner

| क्र.सं. | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिकलक्ष्य | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| | व्यवस्थापन | | | | | | | | |
| ५ | अपाङ्ग विद्यार्थी पहिचानको लागि स्वास्थ्य सिविरको व्यवस्था | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | |
| ६ | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार | विद्यालय | | | | | | | |
| ७ | योग,ध्यान र प्रणयामको लागि क्षमता विकास कार्यक्रम | विद्यालय | | १ | २ | ३ | ४ | १० | |
| ८ | बाल क्लव, जुरेस, स्काउटकोट्रुप,बाल सञ्चाल गठन | विद्यालय | | १ | १ | १ | १ | ४ | |
| ९ | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | सङ्ख्या | | १ | १ | १ | १ | ४ | |
| १० | भौतिक संरचना नियमित मर्मत, सम्भार ,निर्माण र विषयगत प्रयोगशाला आदिको व्यवस्थापन | विद्यालय | | | १ | १ | | २ | |
| ११ | तहगत इन्चार्जको क्लष्टर बैठक | सङ्ख्या | | | | | | | महिना को १ पटक |
| १२ | प्र.अ र शिक्षक सँग कार्यसम्पादन सम्झौता कार्यक्रम | विद्यालय, | | | | | | | बार्षिक रूपमा १ पटक |

| क्र. सं. | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिकलक्ष्य | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १३ | नेतृत्व तथा क्षमता विकास कार्यक्रम | सङ्ख्या | | १ | १ | १ | १ | ४ | |
| १४ | सहभागीता मूलक र नतीजामूलक अनुगमन र मूल्याङ्कन | विद्यालय | | १ | १ | १ | १ | ४ | नियमित |
| १५ | कक्षा १२ सम्म विज्ञान विषयको अध्ययन गर्ने अवसरको सृजना | विद्यालय | | १ | | | | १ | |
| १६ | प्राविधिक धारको विद्यालयको लागि अनुदान | विद्यालय | | १ | १ | १ | १ | ४ | |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.४.१वर्तमान अवस्था

यस हँसपुर नगरपालिकाले विगतमा प्रौढ शिक्षा, किशोरी शिक्षा, तथा अन्य अनौपचारिक कार्यक्रम सञ्चालन गरेको भए तापनि हालको तथ्याङ्कले ती कार्यक्रमहरूले पर्याप्त सुधार गर्न नसकेको देखाउँछ। सरकारले अनौपचारिक शिक्षा मार्फत हँसपुर नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गर्ने लक्ष्य राखेको भए पनि हालसम्म यस क्षेत्रका कार्यक्रम प्रभावकारी बन्न सकेका छैन् । अनौपचारिक शिक्षा मार्फत व्यक्तिको पढ्न, लेख्न तथा सामान्य गणितीय सीपलाई विकास गर्दै व्यवहारिक ज्ञान र व्यवसायिक सीपमा वृद्धि गर्न सकिन्छ, जसले जीवनस्तरमा सुधार ल्याउँछ। यसलाई थप व्यवस्थित बनाउन र प्रभावकारी बनाउन स्थानिय सरकार संचालन ऐन, २०७४ तथा सामुदायिक सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ र अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ बमोजिम कार्यान्वयन गर्न यो विद्यालय शिक्षा योजनाको लक्ष्य रहेको छ ।

३.४.२ उद्देश्य

१ विद्यालय वाहिर रहेका किशोर र किशोरीलाई अनौपचारिक शिक्षामा सर्वसुलभ पहुच सुनिश्चित गर्नु ।

२ हँसपुर नगरपालिका अन्तर्गत रहेका सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु व्यवस्थापन तथा सञ्चालन गर्नु ।

३ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमलाई व्यवस्थित गर्नका लागि अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुपलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्नु ।

४ सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गरि साक्षरता कार्यक्रमलाई अभियानको रुपमा संचालन गरि साक्षर नगर घोषणा गर्न

३.४.३ रणनीति

- आवशयकता अनुसारको सामूदायिक सिकाइ केन्द्रहरूको स्थापना र उचित व्यवस्थापन गरिने ।
- सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावकलाई आजीवन शिक्षा र जीवन उपयोगी शिक्षा विकासमा परिचालन गरिने ।
- सिकारुकाआवश्यकता अनुसार तहगत पाठ्यक्रम,सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरि साक्षरता कार्यक्रम संचालन गरिने ।
- सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न वनाउनका लागि प्रविधि, सिकाइ केन्द्र र सामुदायिकसूचना केन्द्रसँग जोडने ।
- सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न छोटो अवधिका आय-आर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

- अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरणका लागि राष्ट्रिय सक्षमता प्रारुप वा नगरपालिकाले निर्माण गरेको मजुदा ऐन कानुन व्यवस्था अनुसार संयन्त्रको विकास गरिने ।
- साक्षरता कार्यक्रम संचालन, वयवस्थापन , अनुगमण, निरक्षण र प्रमाणिकरणको लागि वडा कार्यालय, वडा समिति र वडा सक्षरता समितिलाई जिम्मेवार बनाइने ।
- सिकाई हस्तान्तरणका लागि अन्तरपुस्ता वैठक तथा अन्तरक्रिया कार्यक्रम गर्ने छ ।
- स्थानिय सामुदायिक शिक्षा केन्द्र सहजकर्ताहरुलाई तालिम दिई क्षमता अभिवृद्धी गर्ने ।
- विभिन्न उमेर समूहका जनसंख्याको लागि साक्षरता कार्यक्रम संचालन गरिने र सोका लागि ११ र १२ कक्षा विद्यार्थिहरुलाई परिचालन गरिनुका साथै आवशयकता अनुसार अन्य नविनतम विधिहरु अपनाईने ।
- विद्यालय वाहिर रहेका किशोर र किशोरीलाई औनपचारिक शिक्षाको माध्यमवाट विद्यालयमा भर्ना गर

**३.४.४ प्रमुख उपलब्धि तथा नतिजा**

**प्रमुख अपेक्षित उपलब्धिहरुः**

- नगर भित्रका सवै उमेर समूहका लागि साक्षरता,निरन्तर शिक्षा र आजीवन सिकाइका समान अवसर प्राप्त भएको हुने छ।
- सामूदायिक सिकाइ केन्द्रहरूको उचित व्यवस्थापन गरि एक वडा एक सामुदायिक सिकाइ केन्द्रको स्थापना भएको हुने छ ।
- आजीवन शिक्षा र जीवन उपयोगी शिक्षा प्रविधि मैत्री सामुदायिक सिकाई केन्द्र संचालन भएको हुने छ।
- स्थानिय पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरि साक्षरता कार्यक्रम संचालन गरिएको हुने छ।
- सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न छोटो अवधिका आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गरिएको हुने छ।

CamScanner

- अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरणका लागि सयंन्त्रको विकास गरि राष्ट्रिय योग्यता प्रारुप वा हँसपुर नगरपालिकाले निर्माण गरेको ऐन कानुन बमोजिम प्रमाणपत्रको वितरण गरिएको हुने छ।
- सिकाई हस्तान्तरणका लागि  अन्तरपुस्ता वैठक तथा अन्तरक्रिया कार्यक्रमवाट शिक्षाको महत्व बुझि अनौपचारिक शिक्षाको कक्षामा सवैको सहभागिता तथा निरन्तरता भएको हुने छ।
- विद्यालय उमेर समूहका विद्यालय वाहिर रहेका सवै वालवालिकाहरु अनौपचारिक शिक्षाको माध्यबाट विद्यालयमा भर्ना भइ अध्ययन गरिरहेका हुने छन् ।
- वि.स. २०८५ सम्म साक्षर पालिका घोषणा भएको हुने छ।

| क.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | ० | १ | ० | ० | ० | १ |
| २ | प्रत्येक आर्थिक वर्ष प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम लिएका जनशक्ति संख्या | | ० | २५ | ५० | ५० | ५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम लिएका जनशक्तिमध्ये रोजगारी वा स्वरोजगरिको अवसर अवसर प्राप्त गरेका युवाहरुको प्रतिशत | ० | ५० | ५० | ५० | ५० | ५० |

३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य:

| क.स. | प्रमुख क्रियाकलापहरु | ईकाई | भौतिक लक्ष्य ५ वर्षा | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्षमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | | |
| १ | निरक्षर र विद्यालय वाहिर रहेका बालबालिका , किशोरकिशोरी को विवरण संकलन गरि खणडिकृत रुपमा तथ्यांक त्यार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता अभिवृद्धी कार्याक्रम संचालन गर्ने | प्रतिशत | ५१ | ६४ | ७२ | ८३ | ९२ | १०० | | स्थानीय |
| ३ | सामुदायिक सिकाई केन्द्रको विस्तार र सञ्चालन गर्ने | संख्या | | २ | २ | २ | ० | ६ | ६ | स्थानीय |
| ४ | एक वडा एक सामुदायिक पुस्तकालय स्थापना गरि सामुदायिक केन्द्र संग आवद्ध गर्ने | संख्या | | २ | २ | २ | ० | ६ | ६ | स्थानीय |
| ५ | समुदायिक सिकाई केन्द्र र पुस्तकालयको स्थपना र क्षमता विकासका लागि सरकारी तथा गैरसरकारी संघसस्थाहरु तथा सरोकारवलाहरु सँग समन्वय र सहकार्य | निरन्तर | - | - | - | - | - | - | - | स्थानीय |
| ६ | आयमुलक तथा सीपमुल्क कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| ७ | सामुदायिक सिकाइ केन्द्र तथा अन्य संघसंस्था मार्फत वैकल्पिक सिकाइ कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | १ | - | स्थानीय |
| ८ | समुदायिक सिकाइ केन्द्रको सहजकर्ताहरुको क्षमता विकास | संख्या | ० | २ | २ | २ | ० | ६ | ६ | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप कार्यावन्यन | निरन्तर | - | - | - | - | - | - | | स्थानीय |
| १० | अभिवावक सचेतना तथा परामर्श कार्यक्रम संचालन | वडागत | १ | १ | १ | १ | २ | ६ | | वडागत |
| ११ | सवै सरोकारवलाको सहभागिता मा अनुगमन तथा समिक्षा | पटक | २ | २ | २ | २ | २ | १० | | संघिय, प्रदेश र स्थानीय |

## परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

परिच्छेद तिनमा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक वालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राबिधिक शिक्षा, उच्च शिक्षा तथा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लगायतसँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुत गरिएको छ । परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्वन्धित विभिन्न अन्तर सम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चारलगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तर सम्वन्धित विषयलाई समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्वन्धित गराउन सहयोग पुऱ्याउने उद्देश्यले यो परिच्छेद प्रस्तुत गरिएको छ ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्तिजस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौतिक विकास, र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तर सम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेषण गरी चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरीने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

हँसपुर नगरपालिका अन्तर्गत कुल ३० वटा सामुदायिक विधालयहरु र १० वटा अनुमति प्राप्त निजि स्तरका विद्यालयहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार पालिका स्तरीय शैक्षिक गतिविधिहरु सञ्चालन् भइरहेका छन् । विशेषतः स्थनीय पाठ्यक्रमको कार्यान्वयन भने राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को मूल मर्म अनुरुप हुन नसकिरहेको देखिन्छ । प्रारम्भिक बालविकास र विद्यालयहरुमा पाठक्रम उपलब्धता र प्रयोगको सुनिश्चिता भएको ।

यस हँसपुर नगरपालिकामा वर्तमानमा हेर्दा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ लाई पूर्णतया सबै विद्यालयमा कार्यान्वयन गरिएको अवस्था छ । यहाका सबै सामुदायिक विद्यालयहरुमा स्थानीय पाठक्रम वनि लागु नभइसेकोले त्यस वापत कमप्यूटर र ऐछिक अंग्रेजी पाठक्रम अध्यान अध्यापन गराइ रहेको छ । नगर स्तरीय परीक्षा कक्षामा ८ सम्मका परीक्षाहरु सञ्चालन गरेको छ र शिक्षक प्रवोधिकरण छ तर स्थानीय पाठक्रम निर्माण र कार्यान्वयनमा बजेट अभावका कारण चुनौती देखिन्छ। स्थानीय पाठक्रम निर्माणका लागि सरोकारवालाको सहभागितामा समिति बनाई व्यवहारिक योजन बनाउन, समावेशिता र स्थानीय आवश्यकता सम्बोधन गरि लागु गर्नुपर्न छ ।

विधार्थी मूल्याङ्कन १ देखि ३ सम्म निरन्तर मूल्याकंण प्रणाली अवलम्बन गरिएको छ भने ४ देखि ८ सम्म ५० प्रतिशत आंतरिक तथा ५० प्रतिशत बहीय मूल्याङ्कन कक्षा ९ र ११ विद्यालय स्तरीय परीक्षा नेपाल सरकारले तोके बमोजिम सञ्चालन गर्ने गरिएका छ ।

### ४.१.२ पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान समस्या तथा चुनौतीहरू:

- आधारभूत तहमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्देश गरेको मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु ।
- प्रारम्भिक कक्षाहरुमा प्रयास बहुभाषिक शिक्षकको अभाव हुनु ,
- शिक्षक निर्देशिकाको कम प्रयोग हुनु,
- स्थानीय पाठक्रम तथा पाठ्यपुस्तक निर्माण तथा प्रयोग नहुनु,
- शिक्षण सामग्री अभाव हुनु ,
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सुचना प्रविधिको कम प्रयोग हुनु,
- स्थानीय आवश्यकता र स्थानीय सरोकावालाहरुको सहभागितामा पाठक्रम निर्माण तथा कार्यान्वयन नहुनु ,

४.१.३ उद्देश्यः

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ

- राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ को मर्म अनुरुप मूल्याङ्कन प्रणालीलाई प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने ।
- शिक्षक निर्देशिका र प्रविधिको अधिकतम प्रयोगमा जोड दिने ।
- प्रत्येक बालविकास केन्द्र र विद्यालयहरूमा पाठ्यक्रमको उपलब्धता र प्रयोगको सुनिश्चितता गर्ने ।
- स्थानीय सरोकारवालाहरुको सहभागीतामा स्थानीय पाठयक्रमको निमार्ण तथा कार्यान्वयन गर्ने ।
- पाठयक्रमको विकास तथा कार्यान्वयनको लागि शिक्षकहरुको क्षमता विकास तथा अभिवृद्धि गर्ने ।
- पर्याप्त शिक्षण सामग्री व्यवस्था गर्ने ।
- विपत तथा महामारीको समयमा विशेष रुपमा सिकाइ आपुरण योजना कार्यान्वयन गर्नु ।
- अपाङ्गता तथा विशेष क्षमता भएका बालबालिकाहरूको लागि विशेष विद्यालयको व्यवस्था गर्ने ।

४.१.४ रणनीतिहरू:

- सबै विद्यालयका शिक्षकहरुलाई पाठयक्रम तथा शिक्षक निर्देशिका उपलब्ध गराउने,
- विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गर्ने,
- समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय अपनत्व र जवाफदेहिता सिर्जना गर्ने
- वैज्ञानिक र व्यवहारिक शिक्षण सामग्री विकास प्रक्रियालाई अगाडी बढाउने ।
- प्रारम्भिक कक्षाहरुमा पाठ्यक्रम अनुरुपको सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा, बहुभाषा र स्थानीय भाषालाई प्राथमिकता दिइने
- अपाङ्गता भएका तथा विशेष क्षमता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न , विशेष विद्यालयको व्यवस्था तथा सिकाइको लागि ब्रेल लिपि तथा साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने ।



CamScanner

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

क. उपलब्धिहरु:

- सबै विद्यालय र बाल विकास केन्द्रमा पाठक्रम र शिक्षक निर्देशिका उपलब्ध भएको र प्रयोगमा आएको हुने
- राष्ट्रिय पाठयक्रम प्रारुप बमोजिम शौक्षिक गतिविधिहरु तथा मूल्याङकन प्रणाली प्रभावकारी र व्यवस्थित हुने,
- शैक्षिक सत्र २०८४ सम्म स्थानीय पाठ्यक्रम कक्षा १ देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने,
- प्रारम्भिक बालविकास शिक्षा देखि आधारभूत तहमा आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने ।
- शिक्षण सिकाइको मूल्याङ्कन प्रभावकारी र व्यवस्थित हुने ।
- शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गता भएका तथा विशेष क्षमता भएका तथा स्थानीय रुपमा सन्दर्भ सापेक्ष र प्रभावकारी हुने ।
- स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने ।
- प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य विवरण फायल खडा भएको हुने ।

ख. नतिजा तथा परिमाणात्मक लक्ष्य:

| क्र सं | सूचक | आधार वर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सँख्या | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्वन्धी सामग्री प्रयोग गर्ने विद्यालय सँख्या | ० | ० | ५ | ५ | ५ | ५ |

४.१.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य:

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागी शिक्षक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय,प्रदेश र संघीय सरकार, संघ सँस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | त्रैमासिक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | स्थानीय सरकार |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक | १ | - | - | - | - | १ | १ | स्थानीय सरकार |
| ४ | एकीकृत पाठकृम तथा निरन्तर मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय सरकार |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

**परिचय**

शिक्षकको व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना, रिक्त स्थानको पहिचान, पदपूर्ति,माग प्रतिशत निर्धारण, दरखास्त आव्हान तथा संकलन, जाँच तथा स्वीकृति लिने, परीक्षा सञ्चालन लिखित, मौखिक, प्रयोगात्मक, उम्मेदवारहरूको मूल्याङ्कन तथा छनोट, नतिजा प्रकाशन, सूचना प्रकाशन, नियुक्तिका लागि सिफारिस, नियुक्ति पदस्थापन, कार्य विवरण तयार गर्ने सम्मका कार्यहरू पर्दछन् ।

**अवस्था:**

यस नगरपालिकामा रहेका शिक्षक दरवन्दी , शिक्षक विद्यार्थी अनुपात लगायतका विवरण तपसिल अनुसार रहेका छन् ।

| तह | सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक बिद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजीश्रोतबाट नियुक्त शिक्षक समेत) | | | | | सबै प्रकारका बिद्यालयको शिक्षक सङ्ख्या (संस्थागतको समेत) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला % | विद्यार्थी शिक्ष | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट | महिला% | जम्मा | महिला | पुरुष | महिला % |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | क अनुपात | | | | नियुक्तसङ्ख्या | | | | | |
| पूर्व प्र.वि./बा.वि.के. | ४७ | ० | ४७ | ४७ | १०० | २६:१ | ४७ | ४७ | ० | ० | ० | ० | ० | ० | ० |
| आधारभूत (१-५) | ७२ | ३० | १०२ | ३५ | | ६५:१ | १०७ | ३६ | ८१ | ० | | १०२ | ८२ | ११९ | |
| आधारभूत (६-८) | १४ | ४ | १८ | ४ | | १६८:१ | २४ | ५ | २२ | ० | | ३३ | ५ | २८ | |
| माध्यमिक (९-१०) | १८ | ४ | २२ | ० | | | २३ | १ | २२ | ० | | २५ | १ | २४ | |
| माध्यमिक (११-१२) | ० | ४ | ४ | १ | | | ६ | १ | ५ | ० | | ६ | १ | ५ | |
| उच्च | ० | ० | ० | ० | ० | | ० | ० | ० | ० | | ० | ० | ० | |

| शि<br>क्षा | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

यस हँसपुर नगरपालिकाका १५, शिक्षकले प्र.अ. व्यवस्थापन ,०५ ले मन्टेश्वरी,१०.१५ ले टिपिडी, ३२ ले पूर्न ताजगी नगरपालिकामा आधारभूत तह कक्षा ९ र कक्षा १० सञ्चालित विद्यालयहरूमा शिक्षकको दरबन्दी पर्याप्तता नरहनुका साथै विषयगत शिक्षकको प्रावधान नरहेकाले गणित, अङ्ग्रेजी अध्यापन गराउन केही कठिन देखिएको छ। आधारभूत तह कक्षा (१-६) मा विषयगत शिक्षकको दरबन्दी न्यून रहेकामा नगरपालिकाले पनि नगरपालिकाबाट अनुदान शिक्षकको व्यवस्था गर्न सकेका छैन। माध्यमिक तहमा पनि सोहीअनुसारको समस्या जिवित रहेको छ। शिक्षकको वृत्ति विकासका लागि समेत नगरपालिकाले क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न सकेका छैन। सङ्घसँग समन्वय सहकार्य केही तालिम सञ्चालन गरेको छ। तालिममा सिकेका विषयवस्तु व्यावहारिक रुपमा कक्षाकोठामा प्रयोगको स्थिति केही सुधार्नु पर्ने देखिन्छ। पुनर्ताजगी तालिम सञ्चालन गर्न सहज भए पनि शिक्षक पेसागत विकास तालिमा शिक्षकहरूको माग बढी भएपनि स्थानीय तहले सञ्चालन गर्नसक्ने प्रावधान नरहेकाले शिक्षकहरूलाई तालिम प्रदान गर्न सकिएको छैन।

अपाङ शिक्षकको व्यवस्थापन, लामो विदामा बसेको शिक्षकको विकल्प र शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहबाट उचित व्यवस्थापन तथा अपेक्षित प्रोत्साहनको कार्यक्रम पालिकाले सञ्चालन गर्न नसकेको पनि शिक्षकलाई पेशा प्रति सकारात्मक बनाउन न्युनतम पारिश्रमिकको व्यवस्था, पूर्नताजिगी तालिम लगायत क्षमता विकासका विभिन्न कार्यक्रम संचालन गरेको छ ।नगरपालिकामा विद्यालय व्यवस्थापन समितिको गठनका साथै शिक्षक दरवन्दी मिलान कार्य गर्न सकेको छैन। शिक्षा ऐन निर्माण नगर शिक्षा योजना तथा शिक्षकको दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि निर्माणको चरणमा रहेकाले सोको कार्यान्वयन पश्चात आवश्यकतानुसार शिक्षक व्यवस्थापनको कार्य

सम्पन्न गरिने छ । तथापि नगरपालिका तपसिलका समस्या तथा चुनौतिहरु जिवित रहेको अवस्था छ।

**समस्याः**

- विद्यालयमा आवश्यक कक्षागत वा विषयगत शिक्षक दरबन्दी अपर्याप्त हुनु।
- वस्तुनिष्ठ मापदण्डका आधारमा शिक्षक दरबन्दी मिलान गर्न कठिनाइ हुनु।
- शिक्षकको पेसागत उन्नयनका लागि आवश्यकतामा आधारित तालिमको अभाव हुनु।
- शिक्षकको निरन्तर पेसागत विकासका लागि आवश्यक पेसागत सहयोग, जस्तैः कोचिङ तथा मेन्टोरिङ, उपलब्ध गराउन नसक्नु।
- उत्तरदायित्व र जवाफ देहितामा कमी देखिनु।
- शिक्षक विद्यार्थी अनुपात असन्तुलित वा उच्च हुनु।
- महिला शिक्षकको संख्या तुलनात्मक रुपमा कम हुनु ।
- सत प्रतिशत शिक्षक तालिम प्राप्त नहुनु ।

**चुनौतीः**

1. विद्यालयमा आवश्यक तहगत वा विषयगत शिक्षक दरबन्दी सुनिश्चित गर्नु।
2. शिक्षण पेसालाई मर्यादित र आकर्षक रोजाइको पेसाका रूपमा विकास गर्नु।
3. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गर्ने तथा गराउने व्यवस्था गर्नु।
4. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग सम्बद्ध गर्नु।
5. न्युनतम तलबको व्यवस्थापन गर्नु ।

**अवसरः**

1. संवैधानिक, नीतिगत तथा कानूनी प्रावधानहरू।

2. स्थानीय शिक्षा ऐन, गाउँ शिक्षा योजना तथा नियमावली निर्माण प्रक्रियामा रहनु।
3. शैक्षिक सुधारमा सामाजिक सङ्घ-संस्थाहरूको सक्रिय संलग्नता तथा क्रियाशीलता रहनु।
4. शैक्षिक विकासका लागि स्थानीय तहबाट आन्तरिक स्रोत परिचालन गर्नु।

### उद्देश्य

1. विषयगत तथा कक्षागत रूपमा शिक्षक व्यवस्थापन सुनिश्चित गर्नु।
2. शिक्षक तालिम तथा शिक्षक सक्षमता प्रारूपलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।
3. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरू सुनिश्चित गर्नु।

### रणनीति

१ शिक्षक-विद्यार्थी अनुपातका आधारमा तहगत तथा विषयगत रूपमा शिक्षक दरबन्दीको मिलान, पुनर्वितरण तथा व्यवस्थापन गर्ने।

२ रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षक व्यवस्थापन गर्ने।

३ शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेशसँग समन्वय गरी शिक्षण सीप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने।

४ शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने।

५ शिक्षकको उपस्थिति, नियमितता तथा कार्यसम्पादनमा सुधार गर्ने।

६ शिक्षक तथा प्रधानाध्यापकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग सम्बन्धित गरी नतिजा प्रति जवाफदेही हुने प्रणालीको विकास गर्ने।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१ दरबन्दी मिलान सम्पन्न भई, विषयगत तथा कक्षागत रूपमा शिक्षकहरूको व्यवस्थापन गरिएको हुनेछ।

२ शिक्षकहरूले निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त गरेका हुनेछन्।

नतिजा

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | ४७ | ४७ | ५५ | ५५ | ५५ | ५५ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक | १२९ | १२१ | १३० | १३० | १३५ | १६० |
| ३ | माध्यमिक तह(कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक | २७ | २७ | ३० | ३५ | ३५ | ४० |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | ६०% | ६० % | ७०% | १००% | १००% | १००% |

४.२.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | विद्यालय समायोजन र दरबन्दी व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय, सरकार |
| २ | शिक्षकको पेसागत विकासका लागि विज्ञहरूको सूची तयार गर्नु | ओटा | ७ | ७ | ७ | ७ | ७ | ३५ | |
| ३ | शिक्षकहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नु | ओटा | ३ | ४ | ५ | ६ | ६ | २४ | स्थानीय, प्रदेश र संघीय सरकार, संघ संस्था |
| ४ | असल अभ्यास गर्ने विद्यालयहरूको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | उत्कृष्ट विषयगत शिक्षकलाई पुरस्कार र सम्मान प्रदान गर्ने कार्यक्रम आयोजना गर्नु | शिक्षक | ३ | ४ | ५ | ६ | ६ | २४ | |
| ६ | शिक्षकहरूको सामाजिक सञ्जालमा समूह निर्माण गरी अनुभव आदानप्रदान गर्ने | समूह | १ | | | | | | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | प्रधानाध्यापक र स्थानीय सरकार बीच कार्यसम्पादन सम्झौतासम्मै गर्न | पटक | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| ८ | शिक्षकहरू लामो बिदामा बस्दा सिकाइको लागि वैकल्पिक शिक्षक व्यवस्थापन गर्ने | शिक्षक | | | | | | | आवश्यकता अनुर्सार |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

**परिचय**

विभिन्न कारणले शिक्षाको मूलप्रवाहीकरणबाट बञ्चित विभिन्न वर्ग, जाति, लिंग, भाषा, फरक क्षमता भएका विद्यालयका बालबालिकालाई बहुभाषिक र स्थानीय भाषाकोमाध्यबाट शिक्षा प्रदान गर्नु आवश्यकहो । नेपालको संविधानको प्रस्तावनामा समेत नेपाली शिक्षालाई समतामूलक र समावेशी बनाउने अठोट गरिएको छ । राष्ट्रिय शिक्षा नीति—२०७६ , अनिवार्य तथा निःशुल्क शिक्षा ऐन—२०७५, ले नेपालको तिनवटै सरकारलाई अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपमा पछाडि परेका सिमान्तकृत समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमको शैक्षिकसंस्थाबाट निःशुल्क रुपमा विद्यालय उच्च शिक्षा र प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा उपलव्ध गराउने प्रावधान सहित जिम्मेबारी तोकिएको छ । एकीकृत क्षमता र नीति—२०७१ कार्यान्वयनबाट बहु—वञ्चितीकरणमा परेका बालबालिकाहरुलाई थप सहयोग सहित शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अशक्त अपाङ्ग, अनाथ,फरक क्षमता भएका बालबालिकाका लागि आवास सहितको विद्यालय शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ, आर्थिकरुपले विपन्न बालबालिकाका लागि आर्थिक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

**वर्तमान अवस्था**

हँसपुर नगरपालिका सामाजिक, आर्थिक, सांस्कृतिक विविधता भएको स्थानीय तह हो। यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यस

नगरपालिकामा सबैभन्दा बढी केवट जातिको बसोबास पाइन्छ। त्यसैगरी अन्य जातिहरुमा मुस्लिम, यादव, धानुक, तेली, तत्मा, खत्वे, मुसहर, चमार, हरिजन, राम, विन लोहार, हजाम इत्यादी जातिहरुको बसोबास पाइन्छ ।

यस नगरपालिकामा बसोबास गर्ने जातजातिहरुको संरचनागत बनावटको आधारमा हेर्ने हो भने जम्मा ४४९४९ मानिसहरुमा पुरुष २१८३४ महिला २३११५ जना रहेको छ। जस मध्य केवट सममुदायको मानिसहरु २४.६% रही बहुल्यता रहेको देखिन्छ भने सब भन्दा कम विन समुदायको ३.१% को मानिसहरुको बसोवास रहेको देखिन्छ। यसै गरी बाहीर मुलुकबाट आई यस नगरपालिकामा ०.०५ प्रतिशत मानिसहरुको बसोवास रहेको छ।

| सूचक | प्रतिशत |
|---|---|
| बालविकास/पूर्व प्रा.बि.मा अपाङ्गता भएका बालबालिकाको प्रतिशत | १.० |
| आधारभूत तह (कक्षा१-८) मा अपाङ्गता भएका बिद्यार्थीको प्रतिशत | ०.५ |
| माध्यमिक तह (कक्षा९-१२) मा अपाङ्गता भएका बिद्यार्थीको प्रतिशत | ० |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बिद्यार्थीहरूका लागि विशेष विद्यालयहरुको सङ्ख्या | ० |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बिद्यार्थीहरूका लागि समाहित शिक्षा सहितको सामुदायिक बिद्यालयहरुको सङ्ख्या | ० |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बिद्यार्थीहरूको प्रारम्भिक परिक्षण र पहिचान (Early Screening) कार्य सम्पन्न गर्ने सामुदायिक बिद्यालयहरुको सङ्ख्या | ५५ |
| आधारभूत तह (कक्षा१-५) मा दलित विद्यार्थीको प्रतिशत | १३.४५ |
| आधारभूत तह (कक्षा६-८) मा दलित विद्यार्थीको प्रतिशत | २३.७५ |
| आधारभूत तह (कक्षा१-८) मा दलित विद्यार्थीको प्रतिशत | १६.३०५ |

| | |
|---|---|
| माध्यमिक तह (कक्षा९-१०) मा दलित विद्यार्थीको प्रतिशत | १४.९१ |
| माध्यमिक तह (कक्षा११-१२) मा दलित विद्यार्थीको प्रतिशत | ११.१७ |
| माध्यमिक तह (कक्षा९-१२) मा दलित विद्यार्थीको प्रतिशत | २७.१ |
| आधारभूत (कक्षा १-८) र माध्यमिक (कक्षा ९-१२) तहमा विपन्न छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको छात्र/छात्रा प्रतिशत | ४२.८ |

### ४.३.२ उद्देश्य

१. शिक्षाको मूल धारबाट बञ्चित बालबालिकालाई समावेशी र गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने।

२. शिक्षाक्षेत्रमा सुशासन कायम गरी प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने।

३. विद्यालयलाई लैङ्गिक मैत्री, अपाङ्गमैत्री र समावेशी बनाउने।

### ४.३.३ रणनीति

१ विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक, शैक्षिक, तथा समावेशी पूर्वाधार सुनिश्चित गरी अपाङ्गमैत्री र लैङ्गिकमैत्री वातावरण निर्माण गर्ने। यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा आवश्यक सिकाइ सुविधाहरूको विकास गर्ने।

२ अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताको किसिम र स्वरूप पहिचान गर्ने। उपयुक्त समावेशी शिक्षाको व्यवस्था गरी आवश्यकता अनुसार विशेष विद्यालय तथा सहयोगी कार्यक्रम सञ्चालन गर्ने।

३ छात्रवृत्तिका लागि आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका तथा अपाङ्गता भएका बालबालिकाहरूलाई प्राथमिकता दिँदै पहुँच सुनिश्चित गर्ने।

४ कार्यविधि तयार गरी आवश्यकतानुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने।

५ विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा र शिक्षाको प्रवर्धन गर्ने। साथै, किशोरीहरू लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रभावकारी रूपमा लागू गर्ने।

६ आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषिक शिक्षाको प्रयोगलाई प्राथमिकता दिँदै सिकाइको अवसर विस्तार गर्ने।

७ पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास, नागरिक ज्ञान, सीप, बृहत् यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सीपसँग आबद्ध गर्ने।

८ सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाउँदै विद्यार्थीका आवश्यकता सम्वोधन गर्ने गरी विविधता कायम गर्ने। विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, वहिष्करण वा हेपाइ हुन नदिई समावेशी तथा बालमैत्री वातावरण सिर्जना गर्ने।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- लक्षित समूहका बालवालिकाको लागि समतामूलक शिक्षामा पहुँच सुनिश्चित गरी सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार हासिल गरिएको हुनेछ।

**नतिजा**

योजनाको कार्यान्वयनवाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरेको छ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |

| | | २०८१/८२ | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | ४४९ | ४४९ | २१५ | १०० | ५० | ५ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.२१ | १.२१ | १.२१ | १.२० | १.१६ | १.१ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.३० | १.३० | १.२५ | १.२० | १.१५ | १.०१ |

## ४.४ पोषण सहित दिवा खाजा तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

नेपाल सरकारद्वारा विद्यालय दिवा खाजा कार्यक्रम लागू हुनु अघि, स्थानीय तहको संरचना बनेपछि यस नगरपालिकाले विद्यालयहरूमा प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम सञ्चालन गर्दै आएको छ। दिवा खाजासहितको स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी बनाउन निम्नलिखित चुनौतिहरू पहिचान गरिएको छः

१ दिवा खाजा, स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छताको प्रभावकारिता सुनिश्चित गर्न प्रभावकारी व्यवस्थापन प्रणाली विकास गर्ने।

२ सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गरी विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण सुनिश्चित गर्ने।

३ विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पोषिलो, स्वस्थकर तथा स्थानीय रूपमा उपलब्ध खाद्य सामग्रीलाई प्राथमिकता दिने।

४ पोषणसम्बन्धी पाठ्यक्रम निर्माण गरी विद्यालय स्तरमा प्रभावकारी कार्यान्वयन गर्ने।

५ विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापार प्रणालीसँग जोडेर दीगो एवं समावेशी बनाउने।

### ४.४.२ उद्देश्य

१ बालबालिकालाई स्वस्थ, पोषणयुक्त तथा संतुलित खानाको सुनिश्चितता गर्ने।

२ स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य तथा सिकाइ उपलब्धिमा सुधार गर्ने।

### ४.४.३ रणनीति

१ दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गरी आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने तथा अभिभावकको संलग्नतासहित माध्यमिक तहका विद्यार्थीहरूका लागि पनि खाजाको व्यवस्थित प्रबन्ध गर्ने।

२ दिवा खाजाका लागि विद्यालयमा आवश्यक पूर्वाधार तथा सेवासुविधाहरू विस्तार गरी प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।

३ विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाइ सामग्रीसहित छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनलको व्यवस्था गर्ने। किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्रीको व्यवस्थापन, हात धुने स्थान, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसरको सरसफाइ र सुरक्षाका लागि घेराबारको प्रबन्ध गर्ने।

४ विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्त्वयुक्त भिटामिन ए र आइरन फोलिक एसिडको वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने। साथै, छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन अन्तर्गत स्यानिटरी प्याड वितरणलाई सुनिश्चित गर्ने।

५ दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित पोषिलो खाद्य सामग्रीलाई प्राथमिकता दिने, जसले स्थानीय अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने तथा ताजा र स्वस्थकर खाजा सुनिश्चित गर्ने।

६ दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दीगो विकासका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र साझेदारी विकास गर्ने। साथै, निजी–सार्वजनिक साझेदारी (PPP) मोडेल, अभिभावकहरूको संलग्नता तथा विकास साझेदारहरूको सहकार्य सुनिश्चित गर्न आवश्यक नीति तथा संयन्त्र विकास गर्ने।

७ दिवा खाजा तथा स्वास्थ्य, पोषण, सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकनका लागि प्रभावकारी साधन, संयन्त्र र प्रक्रियाहरू विकास गरी कार्यक्रमलाई थप व्यवस्थित र परिणाममुखी बनाउने।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१ विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्था सुधार गर्ने, मनोसामाजिक कुशलता अभिवृद्धि गर्ने, साथै सिकाइ उपलब्धिमा सुधार ल्याई सुरक्षित, समावेशी र रमाइलो सिकाइ वातावरणमा उनीहरूको पूर्ण पहुँच तथा सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

नतिजा

| क्र सं | सूचक | आधार वर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिकाको प्रतिशत (%)। | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिकाको प्रतिशत (%)। | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षाहरूको सूची। | बालविकास कक्षा देखि ५ सम्म | बालविकास कक्षादेखि ५ सम्म | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयहरूको संख्या। | ० | ० | १ | ५ | ५ | ४ |
| ५ | सुरक्षित खानेपानी, शौचालय तथा प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालयहरूको संख्या। | १६ | १६ | ० | ० | ० | ० |
| ६ | नर्सिङ् सेवा तथा सुविधा उपलब्ध विद्यालयहरूको संख्या। | ० | ० | १ | | १ | १ |

४.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

नगर प्रमुख



CamScanner

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दिवा खाजाका लागि भान्सा, भण्डारण कक्ष, भाँडावर्तन तथा आवश्यक सामग्रीको उचित व्यवस्था। | निरन्तर | | | | | | | | |
| २ | स्वस्थकर, पोषणयुक्त तथा सन्तुलित दिवा खाजाको सुनिश्चित व्यवस्था। | निरन्तर | | | | | | | | |
| ३ | दिवा खाजाका लागि आवश्यक खाद्य सामग्री आपूर्तिमा सहभागी हुने स्थानीय कृषि सहकारी, किसान समूहलाई आवश्यक तालिम तथा सहयोग प्रदान गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाइ सामग्री उपलब्ध गराउँदै छात्र र छात्राका लागि अलग-अलग शौचालयको व्यवस्था सुनिश्चित गर्ने। | १ | ३ | ५ | ३ | ३ | २ | १६ | | |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन अन्तर्गत | निरन्तर | | | | | | | | |



CamScanner

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्यानिटरी प्याडको सहज उपलब्धता सुनिश्चित गर्ने। | | | | | | | | | |
| १० | विद्यार्थीहरूको आवधिक स्वास्थ्य जाँचको व्यवस्था गर्दै, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्वयुक्त ट्याबलेट (भिटामिन ए, आइरन, फोलिक एसिड आदि) नियमित रूपमा प्रदान गर्ने। | निरन्तर | | | | | | | | |

### ४.५ आपतकालिन तथा संकटकालीन शिक्षाको अवस्था

#### ४.५.१ वर्तमान अवस्था

**विद्यमान नीतिगत व्यवस्था**

नेपालको संविधान २०७२ ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निशुल्क माध्यमिक शिक्षा तथा सुविधा विहींन तथा अपांगहरुको लागि निशुल्क उच्च शिक्षाको सुनिश्चिता साथै बालबालिका माथि हुने विभेद ,सजाय र दुराचारलाइ निषेध गरेको छ ।अनिवार्य तथा निशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निशुल्क शिक्षा नियमावली(२०७७) ले छात्रवृति ,दिवाखाजा,सुबिधा बिहिनहरुका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

**स्थानीय तहको विद्यमान अवस्थाः**

यस नगरपालिकामा विभिन्न समयमा विपद् जस्तैः शीतलहर, लु, बाढी, महामारी तथा अन्य संकटहरू आइपर्ने गरेका छन्। यस्तो परिस्थितिमा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद् व्यवस्थापन र न्यूनिकरणका लागि योजनाबद्ध रूपमा शिक्षा प्रदान गरिँदै आएको छ। उदाहरणका



CamScanner

लागि, कोभिड-१९ महामारीका कारण अस्तव्यस्त बनेको शैक्षिक सत्र २०७७ लाई विद्यालय व्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा टोल-आधारित सिकाइ योजनामार्फत सञ्चालन गरी बालबालिकाको सिक्ने अधिकार सुनिश्चित गर्दै सिकाइलाई निरन्तरता दिइएको सर्वविदितै छ।

**आपतकालिन तथा संकटकालिन अवस्थामा शिक्षाका चुनौतिहरु :**

१ आपतकालिन अवस्थाको सिक्षालाई छुट्टै विधाको रुपमा सम्बोधन गर्नु,

२ प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु गर्नु,

३ संकटको पहिचान गर्नु ,

४ पार्याप्त बजेटको अभाव,

५ स्पष्ट कानुनको व्यबस्था नहुनु ।

### ४.५.२उद्देश्य

१ विपद्व व्यवस्थापन प्रति कार्यको संयन्त्र र कार्यढाँचाको विकास गर्नु।

२ सम्भावित विपद्कोव्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।

३ आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु .।

४ स्पष्ट कानुनको व्यबस्था गर्नु।

५ पर्याप्त बजेटको व्यबस्था गर्ने।

### ४.५.३ रणनीति

१ विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रति कार्य र पुनर्स्थापना सम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने ।

२ सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने।

३ सितलहर ,लु, अत्याधिक वर्षा लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथामको आवश्यक तयारी गर्ने ।

४ महामारीका समयमा शिक्षण सिकाइ लाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने।

५ शिक्षाक्षेत्रमा प्रभाव पार्नसक्ने विपद्वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।

६ विद्यालय स्तरीय प्रति कार्य योजना तयार गर्ने ।

७ शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।

८ विपद्व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।

९ स्पष्ट कानुन तथा प्रयास बजेट व्यवस्थापन गर्ने।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

<u>उपलब्धि</u>

१ विपद्व्यवस्थापन प्रति कार्यको संयन्त्रर कार्य ढाँचा विकास भएको हुनेछ।

२ सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

३ आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

नतिजा

| क्र सं | सूचक | आधारवर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सँख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| २ | हरित विद्यालय सँख्या | ० | ३ | २ | २ | १ | १ |
| ३ | जल वायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षाजस्ता कार्यक्रमहरु कार्यान्वय नगर्ने विद्यालय सँख्या | ० | ३ | २ | २ | १ | १ |

### ४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | | | | | | | |
| २ | स्थानीयतहरविद्यालयकोक्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | स्थानीय, प्रदेश र संघीय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | सरकार,संघसँस्था |
| ३ | विपद पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | | स्थानीय, प्रदेश र संघीय सरकार,संघसँस्था |
| ४ | शिक्षक तथा विन्यास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | | स्थानीय, प्रदेश र संघीय सरकार,संघसँस्था |
| ५ | विपद प्रतिरोधी विद्याल सँख्या | ० | ३ | २ | १ | | | | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, सफाइ र पिउनका लागि खानेपानी, शौचका लागि शौचालय, बस्नका लागि उपयुक्त फर्निचर जस्ता भौतिक पूर्वाधार विद्यालयका अपरिहार्य अनि आधारभूत संरचना हुन्। शिक्षा नियमावली, २०५९ अनुसार सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफल तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने नीतिगत व्यवस्थापन गरीएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति, यस नगरपालिकाको



CamScanner

शिक्षासम्बन्धी नारा तथा हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजना प्रस्ताव गरीएको छ।

### ४.६.२ वर्तमान अवस्थाः

यस नगरपालिकामा हाल कुल विद्यालय ५५ मध्ये ३० सामुदायिक २५ सस्थागत र १ धार्मिक विद्यालय रहेका छन्। सामुदायिक विद्यालय तर्फ १६ ओटा विद्यालयको पक्कि भवन रहेको छ। पक्कि भवन भएपनि केही विद्यालयमा पर्याप्तता छैन भने अन्य विद्यालयहरूमा भवनको आवश्यकता सँगसँगै घेराबार, शौचालय, खानेपानी, खेलमैदान आदिको आवश्यकता रहेकोछ। बनेका हालको भवनहरू संरक्षण गर्न गाह्रो हुने स्थिति मात्र नभई विद्यार्थीको उपलब्धता चुनौतीपूर्ण छ। केही विद्यालयहरूका अधिकांश भवनको स्थिति अत्यन्त कमजोर अवस्थामा रहेको छ। २ वटा विद्यालय समायोजन वा बन्द गर्नु पर्ने अवस्थामा रहेका छ । विद्यालयहरूको भवन तथा सामग्रीहरू सुरक्षामा चुनैती थपिएका छ । सबै विद्यालयमा इन्टरनेटको व्यवस्था गरिएको छ। यस नगरपालिकाका अधिकांश भूभागमाशुद्ध पिउने पानीका अभाव भएकाले विद्यालयमा समेत शुद्ध खानेपानीको सहज उपलब्ध गराउन सकिएको छैन। उल्लिखित समस्याको व्यवस्थित रुपमा समाधान गर्नका लागि गाँउ शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नु आवश्यक रहेको छ।

### ४.६.३ समस्या र चुनौतीहरूः

**समस्याः**

१ सरकारद्वारा घोषित प्राथमिकता प्राप्त न्यूनतम पूर्वाधारको व्यवस्था सुनिश्चित हुन नसक्नु,

२ भौतिक संरचनाको संरक्षण, मर्मत सम्भारको कमी हुनु,

३ विद्यालयका लागि अत्यावश्यक पूर्वाधारहरू, जस्तैः ICT लगायत विषयगत प्रयोगशाला, पुस्तकालय, क्यान्टिन, खानेपानी, शौचालय, घेरावारा, पक्कि भवन आदिका लागि आवश्यक वित्तीय स्रोतको अपर्याप्तता,

४ सबै विद्यालयहरूको भौतिक पूर्वाधारलाई विपद् उत्थानशील बनाउन नसकिनु,

५ भुकम्प प्रभावित क्षेत्र भएकाले राज्यले पहिल्यै भवन निर्माण गरेको भनि पछिल्लो चरणमा वजेटको प्रबन्ध नगर्नु।

चुनौतीहरूः

१ पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी एवम् जवाफदेही बनाउन,

२ सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरुयोजना विकास गर्न,

३ भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका बढाउन,

४ आवश्यक स्रोतको पहिचान र व्यवस्थापन गर्न,

५ विद्यमान विद्यालय भौतिक संरचना बालमैत्री र अपाङ्गमैत्री बनाउनु ।

अवसरहरू

१. संवैधानिक, नीतिगत र कानूनि प्रावधान,

२. शैक्षिक सुधारमा सामाजिक सङ्घ संस्थाहरूको संलग्नता र क्रियाशीलता,

३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न सक्ने,

४. अधिकांस विद्यालयहरूको पक्कि भवन निर्माण भएको।

### ४.६.४ उद्देश्य,रणनीति र कार्यनीति

उद्देश्यः



CamScanner

१ विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,

२ सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधारविकास,मर्मत सम्भार तथा सबलीकरण गर्नु ।

३ जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructureबनाउन परामर्श गर्नु ।

रणनीतिः

१ भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपणर भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।

२ विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।

३ विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुर्ननिर्माण एवम् मर्मत सम्भार गर्ने ।

४ पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

कार्यनीतिः

१ मातृ विद्यालय कायम गरी समायोजन वा बन्द हुने विद्यालयको सम्पति रेखदेख,उपयोग र संरक्षण गरिनेछ।



CamScanner

२ नक्साङ्कन,वातावरणीय र सामाजिक सुरक्षासम्वन्धी रुजुसूची भरी निर्माण गरिएको मापदण्डको आधारमा विद्यालयकोसमायोजन र निर्माण गरिनेछ ।

३ बजेट विनियोन गर्दा दोहोरो नपर्ने गरी आवश्यकता पहिचान तथा प्राथमिकीकरणको आधारमा विद्यालयको भौतिक निर्माण गरिनेछ।

४ विद्यालयमा बनेका संरचनाको सम्वर्धन तथा मर्मत सम्भारसँगै भौतिक संरचना अपाङ्गमैत्री,बालमैत्री बनाईनेछ।

५ प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरुन्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नति गरिने छ । पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।

### ४.६.५ उपलब्धि, नतिजा

**उपलब्धि:**

१ सवै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।

२ विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित हुने ।

**नतीजा:**

| क्र.स | सूचक | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ बर्षका जम्मा | ५ बर्षका लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ४ | १२ | ६ | ६ | ४ | ३२ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सङ्ख्या | | ३ | २ | २ | २ | ९ | |
| ३ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सङ्ख्या | | २ | २ | २ | २ | ८ | |
| ४ | विद्यालयको घेरावार सङ्ख्या | | ३ | २ | २ | १ | ८ | |
| ५ | बाढीलगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सङ्ख्या | | २ | १ | १ | | ४ | |
| ६ | बालमैत्री बनाउनु पर्ने | १ | ४ | ५ | ४ | २ | १६ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय संख्या | | | | | | | |

### ४.६.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | पाँचवर्षको भौतिकलक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | समायोजन वा बन्द हुने विद्यालयहरुको भौतिक व्यवस्थापन | विद्यालय | | | | २ | | |
| २ | पूर्वाधार विकासकोलागि मापद्ण्ड/गुरु योजना निर्माण | पटक | | १ | | | | १ |
| ३ | विद्यालयको नक्साङ्कन | पटक | | | १ | | | १ |
| ४ | विद्यालयको विकासको लागि भौतिक सूचकको निर्माण | पटक | | १ | | | | १ |
| ५ | विद्यालयहरूमा बनेका संरचनाको सम्वर्धन तथा मर्मत सम्भार र घेरावारा | विद्यालय | | ४ | ४ | ५ | ३ | १६ |
| ६ | विद्यालयलाई बालमैत्री बनाउनु पर्ने विद्यालय | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | पाँचवर्षको भौतिकलक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| ७ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय | | ५ | ४ | ३ | ३ | १६ |

## ४.७ विद्यालयमा सुचना तथा संचार प्रविधि

**परिचय :**

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‍याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुर्‍याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुर्‍याउँदछ । यी चारओटा मार्गदर्शक सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण गरिएकोमा यी सिद्धान्तहरू अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छन् ।

उक्त गुरुयोजनाले पहिचान गरेका चारओटा प्राथमिकताका क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना (कनेक्टिभिटी, सामग्री, आँकडा) तयार गर्ने; मानवीय स्रोत विकास गर्ने; डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए । यी चारओटा क्षेत्रमा गुरुयोजनाले रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरेको थियो । यी क्षेत्रहरू हालको

परिस्थितिमा पनि सान्दर्भिक रहेकोले तदनुकुलरणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अध्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएकोछ।

कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षणसिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण सहयोग गर्न सक्दछ।

### ४.७.१ वर्तमानअवस्था

१ यस नगरपालिकमा ५५ वटा विधालयमा इन्टरनेट जडान भएको छ, शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सँख्या १६ वटा रहेको छ, शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयसँख्या पनि १ वाट रहको छ ।बिधुत पहुच भन्ने ५५ वटा बिधालयमा पुगेको अवस्था रहेको छ ।

**शिक्षामा सूचना तथा संचार प्रविधिको सम्बन्धि निम्न्लिखित चुनौतिहरु पहिचन गरिएको छन् :**

१ सबै विधालयहारुमा प्रबिधिमैत्री प्रभाबकारी प्रयोगका लागि एकिकृत प्रणालीको बिकाश नहुनु
२ प्रबिधिसम्बन्धि सुचन तथ संचार प्रविधिको प्रभाबकारी प्रयोगको लागि क्षमता बिकाश नहुनु
३ एकिकृत शैक्षिक सुचन ब्यबस्थापन प्रणाली मार्फत तथ्याँक अद्यावधिक नहुनु
४ बालमैत्री , अपांगमैत्री साधन तथ प्रविधिको ब्वास्थापन नहुनु

### ४.७.२ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्‍याउनु ।

२.सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

### ४.७.३रणनीति

१ सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने।
२ सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्वन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने।
३ विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने।

४ शिक्षक सहायता र पृष्ठ पोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।

५ शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।

६ कम्प्युटर लाइब्रेरी तथा डिजीटल पुस्तकालयको माध्यमवाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीहरूको उचित प्रवन्ध र प्रयोग गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगवाट सिकाइमा सहजीकरण भएको हुनेछ ।

२ सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

नतिजा

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | ५५ | ५५ | 0 | 0 | 0 | 0 |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयसँख्या | १ | १ | ३ | ४ | २ | ६ |
| ३ | मुख्य विपयहरूमाडिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ० | ३ | १ | २ | ३ |
| ४ | व्यवस्थापकीयकार्यमासूचनातथासञ्चार प्रविधिकोप्रयोगगर्ने विद्यालय सङ्ख्या | ० | ० | ३ | २ | ३ | २ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालयसँख्या | १६ | १६ | | | | |

### ४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिकलक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | (१० वर्ष) | |
| १ | विद्यालयमा ICT संरचनाविस्तार गरी ईलाइब्रेरी स्थापना | पटक | २ | ३ | २ | १ | १ | ९ | | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | निरन्तर | १ | १ | १ | १ | २ | ६ | | |
| ३ | शिक्षकहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | प्रत्येकविद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | IEMIS व्यवस्थापन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | |

## परिच्छेद ५ :सुशासन तथा व्यवस्थापन

शिक्षालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै नै महत्त्वपूर्ण हुन्छ। सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारीबोधवा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्रासिमा सहयोग पुर्‍याएको हुन्छ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शितातथा विधिको सर्वोच्चता कायमगर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरूव्यवस्थित गरिनुपर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आ -आफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रवन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ। पालिका शिक्षा योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको

जिम्मेवारींसहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रवन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ।यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरि ७ वटा उपशीर्षकहरुमा विभाजन गरि विश्लेषण गरिएको छ ।

५.१.२उद्देश्य

१ स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्न ।
२ जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्न ।
३ आवश्यक स्रोत साधनको परिचालन गरी व्यवस्थापन गर्न ।

५.१.३ रणनीति

१ स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
२ संस्थागत संरचना अनुसार सक्षम तथा दक्ष जनशक्तिको व्यवस्था गर्ने ।
३ कार्यरत जनशक्तिको क्षमतामा पनि विकास गर्ने ।
४ स्थानीय तहमा शिक्षको पेसागत सहयोग प्रणाली स्थापना गर्ने।
५ प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने।
६ कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन तथा अनुगमन गरी समय समयमा मुल्यङ्कन गर्ने ।

५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापर लक्ष्य उपलब्धि

१ स्थानीय तहमा आवश्यक पर्ने सक्षम तथा दक्ष जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
२ संस्थागत क्षमता अभिवृद्धि भै उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।
३ आवश्यक स्रोत साधनको व्यवस्थापन भै प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।

**प्रमुख नतिजा**

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | २ | २ | ३ | | | |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ० | ० | ३ | ३ | २ | ३ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | सबै | | | | | |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | ८ | ८ | ८ | | | |

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आवश्यक कानूनी प्रवन्ध तथा मापदण्ड विकास | १ | १ | | | | | | | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | १ | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | १ | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | कार्यसम्पादन करार गरी नतिजा प्रतिजिम्मेवार बनाउने | १ | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकन गर्ने, गराउने | १ | १ | १ | १ | १ | १ | ५ | | |
| ६ | | | | | | | | | | |

### ५.२.१वर्तमान अवस्थाः

1. मुलुक संघिय संरचनाको ढाचामा रुपान्तर भएसंगै नयाँढङ्गले योजना कार्यान्वयनको प्रबन्ध गर्नु पर्ने कानुनी व्यबस्था छ ।शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नु पर्ने हुन्छ ।स्थानीय तहमा शिक्षा शाखा रहेको छ, बिधालयमा बिधालय व्यबस्थापन समिति रहनुका साथै शिक्षक मध्य एक जना प्रधानाध्यापक नियुक्त गरि बिधालय संचालनको जिम्मेबारी दिएको छ ।स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरिएको उलेखित संगठन संरचना तथा जनशक्ति ब्यपस्थान बिधालय शिक्षामा सुशासन कायम गरि कुशल व्यबस्थापक पर्याप्त नदेखिएको सन्दर्भलाइ विचार गर्दा यस योजनको प्रभाबकारी र कुशल कार्यान्वयनका लागि बर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ। हालको संरचनमा देखिएका समस्या तथा चुनौतीहरु निम्नानुसार छन्

   १ स्थानीय सुचक सहयता पद्धति बिकाश नहुनु ।

   २ तहगत शिक्षक तालिम क्षमताको विस्तार नहुनु ।

   ३ स्थानीय तहमा जनशक्ति अभाबले बिधालयका लागि सहयोग तथा अनुगमन ब्यवस्थित हुन नसक्नु तथा तहगत दरबन्दी पुनरावलोकन हुन नसक्नु ।

   ४ संघ, प्रदेश र स्थानीय तह बिच सम्बन्य रं सहकार्य पर्याप्त नहुनु

### ५.२.२उद्देश्यः

1. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्ने।
2. स्थानीय सुचक सहयता पद्धतिलाई बिकाश गर्ने ।
3. तहगत शिक्षक तालिम क्षमतालाई विस्तार गर्ने।
4. स्थानीय तहमा जनशक्ति अभाबले बिधालयका लागि सहयोग तथा अनुगमन ब्यबस्थित गर्ना साथै तहगत दरबन्दी पुनरावलोकन गर्ने।

5. संघ, प्रदेश र स्थानीय तह बिच सम्बन्य र सहकार्य पर्याप्त रुपमा गर्ने।

### ५.२.३ रणनीतिः

1. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
2. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
3. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
4. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार पारी त्यसको समीक्षा गरी थप सुधारमा जोड दिने ।
5. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
6. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने।
7. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
8. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।
9. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

### ५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

1. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**नतिजा**

1. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख क्रियाकलाप रलक्ष्यहरु**

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | १ | १ | १ | १ | १ | १ | ५ | | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | १ | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | १ | १ | १ | १ | १ | १ | ५ | | |

## परिच्छेद ६ . लगानी र स्रोत व्यवस्थापन

आर्थिक र सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका महत्वपूर्ण र अपरिहार्य छ । सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय, र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । शिक्षामा गरिएको लगानीले दक्ष, सीपयुक्त, र गुणस्तरीय मानव संसाधन विकास गर्न योगदान पुऱ्याउँछ । यसले व्यक्ति, समाज, र राष्ट्रको दीर्घकालीन विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

राष्ट्रिय आकांक्षाहरूलाई सम्बोधन गर्दै नेपाल सरकार र समुदायले विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानी विस्तार गर्दै आएको छ । शिक्षामा गरीने लगानीले समाजका आवश्यकता, आकांक्षा, मान्यता, र दीगो विकास लक्ष्य (SDGs) प्राप्त गर्न योगदान पुऱ्याउनु पर्दछ ।

नेपालको संविधान अनुसार विद्यालय शिक्षाको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय हो । यसले गर्दा संघ, प्रदेश, र स्थानीय तहबीचको समन्वय तथा साझेदारी अनिवार्य छ । साथै, समुदाय र निजी क्षेत्रको सहभागिता पनि शिक्षाको वित्तीय व्यवस्थापनमा आवश्यक छ । शिक्षामा लगानीको प्रभावकारी प्रवन्धका लागि मुख्यतया तीन पक्षमा ध्यान दिनुपर्छः स्रोतको पहिचान र एकीकरण– शिक्षाका लागि आवश्यक स्रोतहरूको पहिचान गरी तिनलाई एकीकृत गर्नु, उपयुक्त वितरण– स्रोतहरूको उचित र न्यायसंगत वितरण र स्रोतको उपयोग– उपलब्ध स्रोतको पारदर्शी, दिगो, र कुशल प्रयोग ।

शिक्षामा वित्तीय व्यवस्थापनका मुख्य कार्यहरूमा स्रोत जुटाउने, स्रोत विनियोजन गर्ने, विनियोजित स्रोत प्रवाह गर्ने, र स्रोतको प्रभावकारी उपयोग गर्ने विषय समेटिन्छन् ।

### ६.१ वर्तमान अवस्था

वर्तमान आर्थिक वर्ष २०८१/८२ को शिक्षा क्षेत्रमा बजेट विनियोजन



नगर प्रमुख

वर्तमान आर्थिक वर्ष २०८१/८२ मा कूल बजेटमध्ये रु ४१,३६०००।- शिक्षा क्षेत्रमा विनियोजन गरिएको छ । शिक्षामा लगानी बढाउनुपर्ने विषयमा राजनीतिक तह र नेपालका नीतिगत दस्तावेजहरूमा सैद्धान्तिक सहमति देखिन्छ । सबैको साझा धारणा शिक्षामा लगानी वृद्धि गर्नुपर्ने विषयमा एकमत हुनुले यसलाई कार्यान्वयन गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ ।

**६ २.शिक्षामा लगानी र चुनौतीहरू**

